दिल्लीको घातक विस्फोटलाई 'षड्यन्त्र' भन्दै प्रधानमन्त्री मोदीद्वारा... पृष्ठ ६ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ •अंक १६३ • २०८२ साल कार्तिक २६ गते बुधबार (12 November, Wednesday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।-

## राजीनामा नदिने मुडमा सभामुख

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेशमा सभामुखको राजीनामाको माग भइरहँदा सभामुख रामचन्द्र मण्डलले कुनै पनि हालतमा राजीनामा नदिने जिकिर गरेका छन्। सभामुख रामचन्द्र मण्डलले आफूविरुद्ध महाअभियोग प्रस्ताव आए त्यसको सामना गर्न तयार रहेको बताएका छन्। सभामुख मण्डलले सभामुखलाई महाअभियोग लगाउने विषय सांसदहरूको अधिकार र स्वतन्त्रताको विषय भएको उल्लेख गर्दै आफू त्यसका लागि पूर्ण रूपमा तयार रहेको स्पष्ट पारे।

शनिबार प्रदेशसभा बैठक सञ्चालनका क्रममा दलका कार्यकर्ता सरह सदन सञ्चालन गरेको आरोप लागेको समयमा मण्डलले आफू राजीनामा दिने पक्षमा नरहेको स्पष्ट पारे।

उनका अनुसार, सभामुखमाथि महाअभियोग लगाउने प्रस्ताव ल्याउनका लागि सदन सञ्चालनको शैली, आचरण र व्यवहारजस्ता विषयलाई आधार बनाइने भएकाले यदि सांसदहरूले आएर आग्रह गरे भने आफू राजीनामाको विषयमा विचार गर्न सक्ने छन्। सभामुख मण्डलले शनिबारको सदनमा देखाइएको आफ्नो व्यवहारलाई मुद्दा बनाएर आलोचना गर्न खोज्नेहरू उल्टै कारबाहीको दायरामा पर्न सक्ने चेतावनीसमेत दिए।

# मधेश प्रदेशमा सञ्चारकर्मीमाथि लाठी

## मुख्यमन्त्री यादवको पदबहाली, झडपमा दर्जन बढी घाइते

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका नवनियुक्त मुख्यमन्त्री सरोज कुमार यादव पदबहाली गर्ने क्रममा भएको झडपमा एकजना पत्रकारसहित दर्जन बढी प्रदर्शनकारीहरु घाइते भएका छन् ।

मुख्यमन्त्री यादव मंगलबार साँझ पदबहाली गर्न मधेश भवन प्रवेश गरेका थिए। मुख्यमन्त्री यादव सहितको टोलीलाई कडा सुरक्षाबीच मधेश भवनस्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लगिएको थियो।

मुख्यमन्त्री यादव पदबहाली गरिरहेको बेला बाहिर विपक्षी दलका नेता तथा कार्यकर्ताहरुले प्रदर्शन गरिरहेका थिए। प्रहरी र प्रदर्शनकारीहरुबीच साँझ भएको झडपमा नागरिक दैनिक पत्रिकाका समाचारदाता सुरेन्द्र कुमार यादवको टाउको फुटेको छ । उनको टाउकोमा प्रहरीले लाठी प्रहार गरेको बताइएको छ।

प्रदर्शनकारीहरु तर्फ लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) मधेश प्रदेशका प्रमुख सचिव रामविनोद चौधरी(पप्पु), बिधान झा (नेकांका प्रमुख सचेतक कुमरकान्त झाका छोरा), वीरेन्द्र यादव, ज्ञानेन्द्र झा 'ज्ञानु', सौरभ चौधरी, वीरेन्द्र मण्डल, बजरंग साह, रामेश्वर मण्डल, देवेन्द्र कुमार यादव, नविन कुमार झा, अजय पण्डित, अजय कुमार राउत, जयप्रकाश झा, आदर्श मण्डल, मुकेश झालगायत घाइते भएका छन् ।

घाइतेहरुको उपचार प्रादेशिक अस्पताल जनकपुरधाममा भइरहेको छ। अस्पतालको इमर्जेन्सीको रेकर्ड अनुसार घाइतेहरुको संख्या यकिन गरिएको छ । तर अन्य अस्पतालहरुमा समेत उपचार भइरहेको जनता समाजवादी पार्टी(जसपा)नेपालका मधेश प्रदेशका प्रमुख सचेतक रामअशिष यादवले जनाएका छन् ।





सामान्य घाइतेहरु उपचारपछि घर फर्केका छन्। विधान झालाई गाडीबाट झिकेर प्रहरीले लाठीले कुटेको प्रदर्शनकारीहरुले बताएका छन् । प्रहरीको लाठीचार्जबाट नै अधिकांश प्रदर्शनकारीहरु घाइते भएका छन् ।

प्रदर्शनकारीहरुको ढुंगा प्रहारबाट ६ जना सुरक्षाकर्मी घाइते भएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ । प्रहरीले स्थिति नियन्त्रण गर्न सामान्य बल प्रयोग गरेको धनुषाका प्रहरी प्रमुख एसपी रुगम बहादुर कुँवरले जनाएका छन् । बेलुकादेखि स्थिति सामान्य भएको उनले बताएका छन् ।

तनावका बीच मधेश प्रदेश मुख्यमन्त्रीको कार्यभार सम्हालेका सरोज कुमार यादवले मधेश आन्दोलनका शहीदहरुलाई मधेश रत्नबाट सम्मान गर्ने पहिलो निर्णय गरेका छन् ।

उनले प्रदेशमा शान्ति सुरक्षाको स्थितिलाई सुदृढ बनाउन सुरक्षा अधिकारीहरुलाई निर्देशन दिएका छन् । मुख्यमन्त्री आवासमा निवर्तमान मुख्यमन्त्री सोनल रहेकाले यादव होटेलमा बसेका छन् ।

कार्तिक २३ गते मुख्यमन्त्री नियुक्त भएका यादव कार्तिक २४ गते बिहान बर्दिवासस्थित एउटा होटेलमा सपथग्रहण गरेपछि विवादमा परेका छन् । प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले उनलाई संविधानको धारा १६८(३) बमोजिम मुख्यमन्त्री नियुक्त गरेपछि विपक्षी सात दल आक्रोशित बनेका छन्। प्रदेश प्रमुख भण्डारीले पदीय आचरण नगरेको अभियोगमा हटाइएको छ । प्राध्यापक डा.सुरेन्द्र लाभ नयाँ प्रदेश प्रमुखको शपथ ग्रहण गरिसकेका छन् । तर उनी पदबहाल गरेका छैनन् ।

मुख्यमन्त्री सरोज कुमार यादवलाई दीर्घकालीन असर पर्ने कुनै कार्य नगर्न सर्वोच्च अदालतले अन्तरिम आदेश जारी गरेको छ। मुख्यमन्त्रीमा यादवको नियुक्ति असंवैधानिक भएको दाबी सहित सोमबार दुई फरक रिट सर्वोच्च अदालतमा दर्ता गरिएको थियो ।

सर्वोच्च अदालतले मंसिर १० गतेभित्र लिखित जवाफ पेश गर्न आदेश दिएको छ। मुख्यमन्त्री नियुक्ति गैरकानुनी भएको जिकिर गर्दै रकी प्रसाद साहसमेत दुई जनाले दायर गरेको रिटमाथि सुनुवाइ गर्दै सर्वोच्चका न्यायाधीश टेकप्रसाद ढुंगानाको एकल इजलासले मंगलबार मधेश प्रमुखको हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत र अन्य विपक्षीको हकमा प्रदेश मुख्य न्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेश गर्न आदेश दिएको छ।

प्रदेश प्रमुख भण्डारीलाई सरकारले बर्खास्त गरिसकेको छ। उनले गरेको निर्णयमाथि कारण देखाउ आदेश जारी गर्दै सर्वोच्चले भनेको छ, 'यसमा के भएको हो ? निवेदकको मागबमोजिम उत्प्रेषणसमेतको आदेश किन जारी हुनुनपर्ने हो ? आदेश जारी हुन नपर्ने भए सोको आधार कारणसहित मंसिर १० गतेभित्र जवाफ पेश गर्नु।'

रिटमा अन्तरिम आदेश समेत माग भएकाले हाललाई अदालतले दीर्घकालीन प्रभाव पर्ने कुनै पनि काम कारबाही गर्न मुख्यमन्त्री सरोज कुमार यादवलाई रोक लगाएको छ।

विपक्षी सात दलको तर्फबाट ७४ जनाको हस्ताक्षर सहित असंवैधानिक प्रक्रियाबाट तत्कालीन प्रदेश प्रमुख भण्डारीले सरोज कुमार यादवलाई गरिएको नियुक्ति खारेजीको मागगर्दै मंगलवार सर्वोच्चमा अर्को रिट दर्ता गरिएको छ।

विश्वासको मत लिन लागेको बखत सभामुखले असहयोग गरेपछि मत विभाजनको प्रक्रिया अगावै राजीनामा घोषणा गरेको र तत्कालै प्रदेश प्रमुखलाई राजीनामा समेत बुझाएकाले संविधानको धारा १६८(२)बमोजिम नै सरकार गठनको प्रक्रिया थाल्नु पर्नेमा गैरलोकतान्त्रिक प्रक्रियाबाट मुख्यमन्त्री नियुक्त गरिएकोले खारेज हुनुपर्ने तर्क विपक्षीहरुले गरेका छन् ।

उनीहरुले बहुमतको सरकार बन्ने सम्पूर्ण आधार कायम रहँदारहँदै संविधानको धारा १६८(३)मा जानु दूर्भाग्यपूर्ण रहेको बताएका छन् । गैरसंवैधानिक गतिविधि गरेकी प्रदेश प्रमुख भण्डारीलाई सरकारले बर्खास्त गरेकोले समेत मुख्यमन्त्रीमा यादवको नियुक्ति अवैध रहेको सिद्ध भएको विपक्षी दलहरुको कथन छ।

# राष्ट्रिय परिचयपत्रको तथ्यांकलाई मतदाता नामावली दर्तामा प्रयोग गरिने

**टुडे समाचारदाता**

काठमाण्डु। राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको प्रणालीमा रहेका तथ्यांकलाई मतदाता नामावली दर्तामा प्रयोग गर्ने गृहकार्य अगाडि बढाइएको छ । यसका लागि निर्वाचन आयोगले काम थालिसकेको छ।

राष्ट्रिय परिचयपत्रको तथ्यांकलाई मतदाता नामावली दर्तामा प्रयोग गर्न सकिने विषयमा सुझाव आएको र आयोगले आन्तरिक रूपमा काम अघि बढिसकेको आयोगले जनाएको छ।

यसअघि प्रधानमन्त्री सुशीला कार्कीले नै पनि यो सम्भावनाको विषयमा ख्याल गर्न निर्वाचन आयोगलाई भनेकी थिइन्।




प्रधानमन्त्री कार्कीले राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको प्रणालीमा रहेका तथ्यांकलाई मतदाता नामावली दर्तामा प्रयोग गर्न मिल्ने व्यवस्था गर्न आवश्यक प्राविधिक तथा कानुनी प्रक्रिया अघि बढाउन आयोगलाई भनेकी छन्।

आगामी फागुन २१ मा हुने प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि यही कात्तिक ३० गतेभित्र मतादता नामावलीमा नाम दर्ता गरिसक्नुपर्ने समयसीमा छ।

मतदाता नामावली दर्ता गर्ने अन्तिम समय नजिकिँदा देशभरका दर्ता केन्द्रमा भीड बढेको र सर्भरमा समेत समस्या आएको भनेर कतिपयले गुनासो गरिरहेका बेला राष्ट्रिय परिचयपत्रको तथ्यांकलाई मतदाता नामावली दर्तामा प्रयोग गर्ने विकल्पमाथि छलफल भएको छ।

मतदाता नामावली संकलन कार्य तोकिएको म्यादभित्र सम्पन्न गर्न नसकिने अवस्था भए समय थप गर्न सकिने प्रधानमन्त्री कार्यालयको सन्देश छ। प्रधानमन्त्री कार्यालयले आवश्यक परे मतदाता नामावलीमा नाम दर्ता गरिसक्नुपर्ने कात्तिक ३० गतेसम्मको म्याद पुनरावलोकन गर्न सकिने समेत भनेको छ।

खासगरी प्री-इनरोलमेन्ट फारममा मतदान केन्द्र छनोट गर्न नपाइनु नागरिकता नम्बर प्रविष्ट गर्दा समेत सिस्टमले नाम दर्ता अस्वीकार गर्ने समस्या देखिनु तथा जेनजी आन्दोलनका शहीद तथा घाइते परिवारका सदस्य र अशक्त व्यक्तिले नाम दर्तामा कठिनाइ भोग्नुपरेको कतिपयको गुनासो छ।

प्राविधिक समस्याले दर्ता कार्य प्रभावित भएपछि सरकारले देशभरका निर्वाचन कार्यालयहरूमा बढ्दो चापअनुसार कार्यसमय तथा सिफ्ट थप गर्न र आवश्यक परे अतिरिक्त कर्मचारी परिचालनका लागि सम्बन्धित निकायसँग समन्वय गर्न भनिएको छ।

राष्ट्रिय स्वतन्त्र पार्टीले पनि मतदाता नामावलीमा नाम दर्ता गर्ने समय थप गर्न माग गरेको छ । गृहमन्त्री ओमप्रकाश अर्यालसलाई भेटेर यस्तो माग गरिएको छ।

हाल सञ्चालन भइरहेको मतदाता नामावलीमा नाम दर्ता गर्ने क्रममा बायोमेट्रिक दिने लगायतका प्राविधिक समस्याले निर्धारित मितिमा सबैले मतदाता नामावलीमा नाम दर्ता गराउन सम्भव नदेखिएको रास्वपाले निष्कर्ष निकालेको छ।






# नेपालको पहिलो फुड डेलिभरी कम्पनीको १५औँ वार्षिकोत्सव सम्पन्न




**टुडे समाचारदाता**

काठमाण्डु । सन् २०१० नोभेम्बर ११ मा स्थापना भएको नेपालको पहिलो अनलाइन फुड डेलिभरी कम्पनी फुडमाण्डुले आफ्नो १५औँ वार्षिकोत्सव मनाएको छ।

सुरुआतमा सानो स्टार्टअपका रूपमा सुरु भएको फुडमाण्डुले मंगलबार १५ वर्षको यात्रामा उल्लेखनीय सफलता हासिल गरेको छ । कम्पनीले नेपालभरका थुप्रै ग्राहक र रेस्टुरेन्टहरूलाई जोड्दै एक परिचित ब्रान्डको रूपमा आफूलाई स्थापित गराइसकेको छ।

हाल फुडमाण्डुले काठमाडौं, ललितपुर, भक्तपुर, पोखरा, चितवन र बुटवलका हजारौँ रेस्टुरेन्टसँग साझेदारी गरी धेरै डेलिभरी राइडरहरूका लागि रोजगारीको अवसर समेत सिर्जना गरेको छ।

वार्षिकोत्सवको अवसरमा फुडमाण्डुका संस्थापक तथा प्रबन्ध निर्देशक मनोहर अधिकारीले भन्नुभयो, "पन्ध्र वर्षअघि ग्राहकलाई घरमै मनपर्ने खाना सजिलै पाउने सोचका साथ हामीले फुडमाण्डुको सुरुआत गरेका थियौं । आज हामीले पाएको सफलता हाम्रो लागि गर्वको विषय हो । फुडमाण्डुले ग्राहकहरूको खाना अर्डर गर्ने तरिका मात्र परिवर्तन गरेको छैन, रेस्टुरेन्टहरूलाई थप ग्राहकसम्म पुग्न र व्यवसाय बढाउन पनि सहयोग पुर्‍याएको छ ।" उहाँका अनुसार यो उपलब्धि फुडमाण्डुका रेस्टुरेन्ट पार्टनर्स, समर्पित राइडरहरू र सन्तुष्ट ग्राहकहरूकै कारण सम्भव भएको हो।

कम्पनीले अझ बढी रेस्टुरेन्टहरू जोड्ने, भरपर्दो डेलिभरी सेवा दिने, अर्डर प्रक्रिया सजिलो बनाउने र नेपालीदेखि अन्तर्राष्ट्रिय स्वादसम्मका विविध परिकार उपलब्ध गराउने लक्ष्य राखेको छ।

फुडमाण्डुकी ब्रान्ड तथा मार्केटिङ म्यानेजर इनेशा भट्टराईले भन्नुभयो, "हाम्रो लागि यो १५ वर्षे यात्रा अविस्मरणीय रह्यो । हामी पहिलो दिनजस्तै उत्साहका साथ 'खानासँगै खुसी' डेलिभरी गर्ने प्रतिबद्धतामा निरन्तर काम गरिरहेका छौं ।"

१५औँ वार्षिकोत्सवको अवसरमा फुडमाण्डुले कात्तिक २५ देखि मंसिर १४ गतेसम्म विशेष अफर ल्याएको छ । यस अन्तर्गत काठमाडौं, पोखरा, चितवन र बुटवलका २०० भन्दा बढी रेस्टुरेन्टहरूमा विभिन्न परिकारमा छुट उपलब्ध हुनेछ।

हाल फुडमाण्डुले १,००० भन्दा बढी रेस्टुरेन्टमार्फत काठमाडौं, ललितपुर, भक्तपुर, पोखरा, चितवन र बुटवलमा सेवा दिइरहेको छ । साथै, फुडमाण्डु वनमार्टमार्फत दैनिक उपभोग्य सामग्रीको तत्काल डेलिभरी सेवा पनि प्रदान गर्दै आएको छ।

# मुख्यमन्त्री यादवलाई राजीनामा दिन तमलोपाको माग

**टुडे समाचारदाता**

जनकपुरधाम । नवनियुक्त मुख्यमन्त्री सरोजकुमार यादवको नियुक्ति असंवैधानिक रहेको ठहर गर्दै तराई मधेश लोकतान्त्रिक पार्टी (तमलोपा)ले तत्काल राजीनामाको माग गरेको छ।

पार्टीको केन्द्रीय कार्यसमितिको मंगलबार बसेको बैठकले वर्तमान प्रदेश सरकारको गठन प्रक्रिया संविधानको मर्म विपरीत अलोकतान्त्रिक रहेको ठहर गर्दै आपत्तिजनक रूपमा होटेल वा रेष्टुरेन्टमा शपथ ग्रहण गराउनु मर्यादाको मजाक उडाएको टिप्पणी गरेको छ।



तत्कालीन प्रदेश प्रमुखको भूमिका अस्थिरता सिर्जना गर्ने प्रकारको भएको भन्दै धारा १६८ को उपधारा (३) को प्रयोग हालको अवस्थामा असंवैधानिक भएको तमलोपाको ठहर रहेको पार्टीका प्रचार विभाग प्रमुख उमेश कुमार मण्डलले बताए।

'प्रदेश प्रमुखले गराएको शपथ ग्रहण असंवैधानिक मात्र नभइ सुनसान रातमा होटल, कटेज वा मोटेलमा आयोजना गर्नु आपत्तिजनक मात्र होइन, गलत अभ्यास भएको तथ्यलाई प्रमाणित गर्दछ भन्दै उनले यस्तो विवादित संक्रमणकालीन अवस्थाको उचित निकास र संवैधानिक व्यवस्थालाई कायम राख्न नवनियुक्त मुख्यमन्त्रीले तत्काल राजीनामा दिनुपर्छ' उनले भने।

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचनमा सहभागी हुने बारे समेत बैठकमा निर्णय गरिएको छ। यसका साथै संघीय लोकतान्त्रिक मोर्चाका घटक दलहरूबीच एकता आवश्यक रहेको भन्दै वातावरण निर्माणमा सक्दो प्रयास गर्ने नीति अवलम्बन गर्ने निर्णय पनि भएको गरिएको मण्डलले बताए।

# १६ वर्षदेखि विद्यालयमा छैन शौचालय



**टुडे समाचारदाता**

राजविराज । सप्तरीको राजविराजनगरपालिकामैरहेकोएक विद्यालय १६ वर्षदेखि शौचालय बिनै सञ्चालनमा रहेको छ।

राजविराज नगरपालिका-१० स्थित गायत्री जगदीश सावित्री सुध आधारभूत विद्यालय कदमाहा १६ वर्षदेखि शौचालय बिनै सञ्चालनमा रहेका कारण विद्यालयका शिक्षक/शिक्षिका तथा विद्यार्थी खुला आकाशमुनि दिसापिसाब गर्न बाध्य छन्।

मुसहर समुदायको बाहुल्यता भएको समुदायलाई ध्यानमा राखेर २०६६ सालमा शिक्षा कार्यारलय सप्तरीबाट अनुमति लिएर सञ्चालनमा गरेको यस विद्यालयमा हाल बालविकासदेखि कक्षा चारसम्म सञ्चालनमा रहेको छ।

शौचालयविहीन रहेको यस विद्यालयमा रहेको जम्मा दुईवटा कोठा मा बालविकाससहित पाँचवटा कक्षा सञ्चालनमा रहेको छ। सो विद्यालयमा दुईवटा कोठामा विद्यार्थीका लागि खाजा तयार पार्ने काम र विद्यालयको कार्यालय समेत सञ्चालन गर्दै आएको विद्यालयका प्रधानाध्यापक सुष्मा यादवले जानकारी दिए।

उनले भने, "६४ जना विद्यार्थी रहेको यस विद्यालयमा कक्षा कोठा थप्नका लागि पटकपटक सम्बन्धित निकायमा निवेदन दिए पनि हालसम्म कुनै सुनुवाइ हुन सकेको छैन।

यस विद्यालयसम्म आउन जान विद्यार्थीलाई बाटोको समेत सुविधा नभएपछि खेतको आलीबाट विद्यालय आवतजावत गर्नुपर्ने बाध्यता छन् ।"

विद्यायमा एक जना राहत र चार निजी स्रोतको गरी पाँच जना शिक्षक शिक्षिका कार्यरत छन् । सोही वडाका मट्टीगढीमा रहेको राष्ट्रिय आधारभूत विद्यालय मट्टीगढीमा पनि बालविकासदेखि कक्षा पाँचसम्म सञ्चालनमा रहेको विद्यालयमा समेत चार वटा कोठामा ६ वटा कक्षा सञ्चालनमा रहेको विद्यालयका प्रधानाध्यापक महेन्द्र प्रसाद यादवले बताए।

इन्टेलेक्चुअल नेपाल सप्तरीका अध्यक्ष एवम् शैक्षिक अभियन्ता डा.सूर्याप्रसाद यादवले राजविराज नगरपालिका भित्रको केही विद्यालयहरूलाई मर्ज गरेर थप व्यवस्थापन गरेर सञ्चालन गर्न आवश्यक रहेको बताए।

वडाको विद्यालयमा पटकपटक अनुगमन र निगरानी गर्दै आएकाले विद्यालयको अवस्थाको विषयमा जानकार रहेको राजविराज नगरपालिका १० का वडा अध्यक्ष गंगाराम खंगले बताए।

# महागुरु फाल्गुनन्दको १४१औँ जयन्ती मनाइँदै



काठमाण्डु । किरात धर्मावलम्बीका महागुरु फाल्गुनन्दको १४१औँ जन्मजयन्ती मंगलबार विविध कार्यक्रम आयोजना गरी मनाइँदैछ।

विसं १९४२ कात्तिक २५ गते इलाममा सामान्य परिवारमा फाल्गुनन्दको जन्म भएको थियो। किरात, भाषा, लिपि, संस्कार, संस्कृति एवं समाज सुधारमा उहाँको महत्वपूर्ण योगदान रहेको छ।

समाज सुधारका लागि फाल्गुनन्दले नीति निर्माणसमेत गर्नुभएको थियो। यसलाई सत्य धर्म मुचुल्का भनिन्छ। यो १९८८ साल वैशाख २४ गते जारी गरिएको थियो। किरात समाज सुधारका लागि नीतिसमेत निर्माण गरी योगदान गर्नुभएका फाल्गुनन्दको विसं २००५ मा निधन भएको हो। किरात समाज सुधारमा उहाँले पुर्‍याउनुभएको योगदानको कदर गर्दै उहाँलाई २०६६ मङ्सिर १६ गते सरकारले राष्ट्रिय विभूति घोषणा गरेको थियो।

उहाँको योगदानको कदर गर्दै किराँती समुदायको बसोबास रहेको पूर्वी पहाडी जिल्ला ताप्लेजुङ, तेह्रथुम, पाँचथर, इलाम, झापालगायत किरात समुदायको बसोबास भएका जिल्लामा फाल्गुनन्द जयन्ती मनाउने गरिन्छ। राजधानीमा पनि विभिन्न कार्यक्रम गरी किरात समुदायले महागुरु फाल्गुनन्द जयन्ती मनाउने गरेको किरात ज्योतिष सङ्घका अध्यक्ष चन्द्रकुमार शेर्माले राससलाई जानकारी दिनुभयो।रासस

# स्वास्थ्य क्षेत्रका कार्यक्रम र बजेटमा दोहोरोपना हटाउनुपर्नेमा जोड

पाटन । स्वास्थ्य सेवाका क्षेत्रमा सङ्घ, प्रदेश र स्थानीय तहले सञ्चालन गर्ने कार्यक्रम र बजेट तर्जुमामा हुने दोहोरोपना हटाउनुपर्नेमा सरोकारवालाहरुले जोड दिएका छन्।

जनस्वास्थ्य कार्यालय ललितपुरले मंगलबार आयोजना गरेको आर्थिक वर्ष २०८१/८२ मा सम्पादित कामहरुको समीक्षा एवम् योजना तर्जुमा गोष्ठीमा सहभागी अधिकांशले दोहोरोपनको समाधान गर्दै प्रविधिमैत्री सेवा र नागरिकलाई सहज सेवाका लागि तालिम प्राप्त जनशक्ति आवश्यक रहेकामा जोड दिएका हुन्।

जिल्ला समन्वय समिति ललितपुरका प्रमुख ऋषिदेव फुँयालले स्वास्थ्यसम्बन्धी योजना र कार्यक्रमहरु तय गर्दा स्थानीयको




आवश्यकताअनुसार तर्जुमा गर्नुपर्नेमा जोड दिनुभयो । "स्वास्थ्य र शिक्षालाई एकद्वार प्रणालीमार्फत सेवा दिने व्यवस्था हुनुपर्ने हो, अझै पनि धेरै नागरिकहरुले प्रभावकारी स्वास्थ सेवा पाउन सकेका छैनन्, यसमा ध्यान दिनुपर्छ," उहाँले भन्नुभयो।

प्रदेश स्वास्थ्य मन्त्रालयका सचिव डा सुमित्रा गौतमले तीन तहको स्वास्थ्य सेवामा अलमल भइरहेको बताउनुभयो। बागमती प्रदेश स्वास्थ्य निर्देशनालयका महाशाखा प्रमुख डाक्टर खगेश्वर गेलालले बागमती प्रदेशले रु चार अर्ब ९० करोड स्वास्थ्य क्षेत्रमा बजेट विनियोजन गरेको जानकारी गराउँदै विश्व स्वास्थ्य सङ्गठनले निर्दिष्ट गरेको मापदण्डअनुसार सङ्घ, प्रदेश र स्थानीय सरकारले कुल वार्षिक बजेटको १० प्रतिशत बजेट स्वास्थ्य क्षेत्रमा खर्च गर्नुपर्ने बताउनुभयो।

प्रदेश आपूर्ति व्यवस्थापन केन्द्रका निर्देशक डा अर्जुन सापकोटाले स्वास्थ्य संस्थामा दुई बर्ष सेवा दिन सक्ने कर्मचारीको व्यवस्थापन गर्नुपर्नेमा जोड दिनुभयो।जिल्ला जनस्वास्थ्य कार्यालय ललितपुरका प्रमुख डा भुवन पौडेलले नागरिकलाई केन्द्रविन्दुमा राखेर प्रभावकारी सेवा सञ्चालन गरिएको उल्लेख गर्नुभयो । जिल्ला जनस्वास्थ्य कार्यालयले गत आव २०८१/८२ मा सञ्चालन गरेको कार्यक्रमहरुमा ७८ दशमलव ८ प्रतिशत आर्थिक प्रगति र ९६ प्रतिशत भौतिक प्रगति रहेको जानकारी गराउँदै आन्तरिक लेखा परीक्षणमा बेरुजु शून्य रहेको उहाँले जानकारी गराउनुभयो।रासस

# क्यासिनोले अनुमति लिएर मात्रै विदेशी मुद्राको कारोबार गर्नुपर्ने

काठमाण्डु । नेपाल राष्ट्र बैंकले क्यासिनोसहित यस्ता प्रकृतिका संस्थाले अनुमति (इजाजत) लिएर मात्रै विदेशी मुद्राको कारोबार गर्नुपर्ने व्यवस्था गरेको छ । केन्द्रीय बैंकले एक सूचनामार्फत विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा तीन अनुसार इजाजत लिएर मात्रै विदेशी विनिमयको कारोबार गनुपर्ने प्रावधान अनुसार नयाँ प्रबन्ध गरिएको जनाएको छ।



विदेशी विनिमयका सम्बन्धमा विभिन्न विनियमावलीसमेत जारी भएको स्मरण गराउँदै केन्द्रीय बैंकले क्यासिनोलाई विदेशी विनिमयको कारोबार गर्न इजाजत प्रदान गर्ने स्म्बन्धमा नयाँ व्यवस्था गरिएको जनाएको हो। क्यासिनोलगायतका संस्थाले इजाजत लिएर विदेशी विनिमय (भारतीय मुद्रा समेत)को कारोबार गर्नु/गराउनु पर्ने केन्द्रीय बैंकको सूचनामा उल्लेख छ।

त्यस्तै, भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशन जारी गर्दै 'प्रिपेड कार्ड', 'डेबिट कार्ड' र 'क्रेडिट कार्ड'बाट गरिने कारोबारको सीमा निर्धारण गरिएको छ। नयाँ व्यवस्थाअनुसार डेबिट कार्डबाट प्रतिकारोबार रु २० हजार बराबर मात्रै गर्न सकिने केन्द्रीय बैंकले जनाएको छ । यो व्यवस्थाअनुसार अब प्रतिदिन रु ५० हजार बराबरको मात्रै कारोबार हुनेछ। रासस

# एमालेद्वारा पालिकाहरुमा प्रदर्शन

काठमाण्डु । विघटित प्रतिनिधिसभा पुनःस्थापनाको माग गर्दै नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले मुलुकका ७५३ वटै पालिकाममा जनप्रदर्शनका कार्यक्रम सञ्चालन गरेको छ। पालिकाहरुमा स्थानीय नेता तथा कार्यकर्ताको उपस्थितिमा प्रदर्शन गरी कोणसभा गर्ने एमालेको कार्यक्रम रहेको छ।

सो पार्टीका केन्द्रीय प्रचार तथा प्रकाशन विभाग प्रमुख राजेन्द्र गौतमले संविधान र लोकतन्त्रको रक्षार्थ बिहानदेखि सबै पालिकास्तरमा प्रदर्शन तथा र्यालीको आयोजना गरिएको बताउनुभयो।

उहाँका अनुसार यही कात्तिक २२ गते देशका छ हजार ७४३ वटै वडामा वडा भेला सम्पन्न भइसकेका छन्। यही कात्तिक २९ गते जिल्लास्तर र आगामी मङ्सिर ६ गते काठमाडौँमा जनप्रदर्शन गर्ने तयारी गरेको उहाँले जानकारी दिनुभयो।रासस

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : दाजुभाईको प्रगतिको समाचार सुन्न पाइन्छ। छोराछोरीबाट सन्तोष प्राप्त हुनेछ।
वृष : शरीर फुर्तिलो भएको महसुस हुनेछ।
मिथुन : नयाँ काम सुरु गर्ने समय छ।
कर्कट : आम्दानी बढ्ने र उठ्नुपर्ने रकम हातलाग हुने समय छ।
सिंह : आजको दिन हाँसखेल र मनोरञ्जनपूर्ण समय हो।
कन्या : परिश्रमको प्रतिफल ढिलो गरी प्राप्त हुनेछ।
तुला : मातापिता र अभिभावक वर्गसँग सामीप्यता राख्न सके राम्रो हुन्छ।
वृश्चिक : हाकिम, मातापिता वा विशिष्ट व्यक्तिको विचारले प्रभावित तुल्याउन सक्छ।
धनु : परिवारजनको साथले नयाँ आशा पलाउने छ।
मकर : संकटको सामाना गर्दै उपलब्धी हासिल गर्नुपर्नेछ।
कुम्भ: ठुलो लाभ लिन नसकिए पनि व्यावसायिक यात्राको सम्भावना छ।
मीन : अधिकार प्राप्तिका लागि गरिएको प्रतिस्पर्धामा विजयी भइनेछ।

गुरुजीसङ्ग जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन


| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



पोखरा महानगरपालिका९१४ छिनेडाँडाबाट मङ्गलबार बिहान मौसम खुलेसँगै देखिएको माछापुच्छे हिमाल र उड्दै गरेको जहाज। *तस्बिर : रासस*

# सीमा समन्वयात्मक बैठकमा सहभागी हुन सशस्त्र प्रहरी महानिरीक्षक अर्याल भारत प्रस्थान

काठमाण्डु । सशस्त्र प्रहरी बल, नेपाल र भारतको समकक्षी सशस्त्र सीमा बल (एसएसबी) बीच हुने नवौँ समन्वयात्मक बैठकमा भाग लिन सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै मंगलबार त्यसतर्फ प्रस्थान गर्नुभएको छ ।



महानिरीक्षक अर्यालको भ्रमण टोलीमा सीमा सुरक्षा विभाग प्रमुख गणेशबहादुर ठाडा मगर, प्रहरी नायब महानिरीक्षक दीपक रेग्मी, राष्ट्रिय अनुसन्धान विभागका अनुसन्धान निर्देशक रामप्रसाद दास, सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक किरण बस्नेत, गृह र परराष्ट्र मन्त्रालयका प्रतिनिधिलगायत सहभागी रहनुभएको सशस्त्र प्रहरी बलका सहप्रवक्ता शैलेन्द्र थापाले जानकारी दिनुभयो ।

सो बैठक यही कात्तिक २६ देखि २८ गतेसम्म भारतको नयाँ दिल्लीमा हुँदैछ । बैठकमा सीमा अपराध नियन्त्रण, लागुऔषध ओसारपसार नियन्त्रण, अवैध चोरीनिकासी तथा पैठारी नियन्त्रण, सूचना आदानप्रदान र सीमा सुरक्षालाई थप सुरक्षित बनाउन समन्वय र सहकार्य गर्ने विषयमा दुई सुरक्षा निकायबीच छलफल हुनेछ ।

नेपाल-भारतबीच नियमित रूपमा हुँदै आएको समन्वयात्मक बैठकले दुवै देशको सीमा क्षेत्रमा शान्ति, सुरक्षा सुदृढीकरण, आपसी समन्वय र सहकार्यमा सहयोग पुग्ने विश्वास गरिएको छ । सशस्त्र प्रहरी महानिरीक्षक अर्यालको अनुपस्थितिमा निमित्त महानिरीक्षकको जिम्मेवारी सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक नारायणदत्त पौडेलले सम्हाल्नुहुने सशस्त्र प्रहरीले जनाएको छ ।रासस

# बालबालिका 'स्वर्ण विन्दु प्राशन' खुवाउन सुरु

काठमाण्डु । सरकारले 'स्वर्ण विन्दु प्राशन' (विशेष आयुर्वेदिक औषधि) मंगलबारदेखि ललितपुर र भक्तपुरका एकदेखि पाँच वर्ष मुनिका बालबालिकालाई खुवाउन थालेको छ । मंगलबार दुवै जिल्लास्थित आयुर्वेद तथा वैकल्पिक चिकित्सा केन्द्रमा बालबालिकालाई ल्याई 'स्वर्ण विन्दु प्राशन' खुवाइएको छ । मह, ब्राह्मी (घ्यू) र सुनको भष्मबाट बनेको थोपास्वरुप सेवन गराइने विधिलाई 'स्वर्ण विन्दु प्राशन' मंगलबार खुवाइएको हो ।

बालबालिकालाई बौद्धिक क्षमता विकास, सामाजिक तथा मानसिक क्षमता विकास गर्न र रोग प्रतिरोधात्मक क्षमता बढाउन आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागले यस आर्थिक वर्षमा देशभरका २५ आयुर्वेद केन्द्रबाट 'स्वर्ण विन्दु प्राशन' खुवाउन तयारी गरेको छ । विभागका चिकित्सक डा सुशान्त भण्डारीले ललितपुरको महालक्ष्मी र भक्तपुरको कमलविनायकमा बालबालिकालाई पहिलो चरणमा 'स्वर्ण विन्दु प्राशन' खुवाइएको जानकारी दिनुभयो ।

उहाँका अनुसार ललितपुरमा १८० र भक्तपुरमा ८० बालबालिकाललाई 'स्वर्ण विन्दु प्राशन'को थोपा खुवाइएको छ । उहाँले 'स्वर्ण विन्दु प्राशन' खाएका बालबालिकामा बौद्धिक विकास देखिने बताउनुभयो । "अटिज्म देखिएका बालबालिकामा पनि 'स्वर्ण विन्दु प्राशन' खुवाएपछि फुर्तिलो हुने, भनेको मान्ने जस्ता लक्षण देखिन्छ", उहाँले भन्नुभयो, "मौसमी रुघा लाग्ने समस्या पनि बालबालिकामा देखिँदैन ।"

उहाँका अनुसार एकदेखि दुई वर्षका बालबालिकालाई दुई थोपा र तीनदेखि पाँच वर्ष मुनिका बालबालिकालाई चार थोपा 'स्वर्ण विन्दु प्राशन' खुवाउनुपर्ने हुन्छ । विभागले गत भदौ ५ गते धनगढीबाट 'स्वर्ण विन्दु प्राशन'को सुरुआत गरेको हो । विभागका निमित्त महानिर्देशक डा श्यामबाबु यादव 'स्वर्ण विन्दु प्राशन'को प्रभाव बालबालिकालाई परेकाले चाँडै नै देशभरिका आयुर्वेद केन्द्रबाट सबै बालबालिकालाई खुवाउने गरी तयारी गर्ने जानकारी दिनुभयो ।रासस

# आसन्न निर्वाचनले देश, संविधान र जनताको भविष्यको जिम्मेवारी लिनुपर्छ : पूर्वप्रधानन्यायाधीश श्रेष्ठ

काठमाण्डु । पूर्वप्रधानन्यायाधीश कल्याण श्रेष्ठले निर्वाचनले देश, संविधान र जनताको भविष्यको जिम्मेवारी लिनुपर्ने बताउनुभएको छ । नेपाल कानुन समाजद्वारा मंगलबार आयोजित 'आगमी प्रतिनिधिसभाको निर्वाचन : चुनौती र अवसर' विषयक अन्तरक्रियामा उहाँले सरकार, राजनीतिक दल, जेनजी पुस्ता, नागरिक समाजबीचको हार्दिकतापूर्ण संवादको माध्यमबाट त्यसखाले निर्वाचनको वातवारण बनाउन सकिने धारणा व्यक्त गर्नुभयो ।




संविधान निगरानी समूहका अध्यक्षसमेत रहनुभएका श्रेष्ठले भन्नुभयो, "आगामी निर्वाचन 'निर्वाचनका लागि निर्वाचन' नभई निर्वाचन कानुन, पद्धति र प्रक्रिया सुधार गरेर लैजानुपर्छ, जसले आमजनता र युवा पुस्ताको भावनालाई सम्बोधन गर्न सकोस्, लोकतन्त्रको लामो अभ्यास भए पनि अहिले नेता बलिया र जनता कमजोर जस्तो देखिएको छ, यसमा रूपान्तरण हुनुपर्छ ।"

नेपाली कांग्रेसका नेता राधेश्याम अधिकारीले प्रत्यक्ष निर्वाचित कार्यकारीले मुलुकमा अहिले उठेका सबै माग, मुद्दा र समस्या अन्त्य गर्छ भन्ने सोचमा पुनर्निचार गर्नुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "अहिले कानुन एकातिर छ, अभ्यास अर्कातिर छ, राजनीतिक दललाई विभाजन गर्नेमा दल र स्वयम् नेता लाग्नुभएको छ, विदेशमा रहेका नेपालीले मतदान गर्ने विषयमा कानुनी प्रश्न उठ्न सक्छ, त्यसप्रति अहिले नै सजग हौँ ।"

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का नेता अग्निप्रसाद खरेलले आफ्नो पार्टी लोकतान्त्रिक पद्धति र संविधान रक्षाका लागि प्रतिबद्ध रहकाले चुनावको उपयुक्त वातावरण बनेका खण्डमा निर्वाचनमा भाग लिन आतुर रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "निर्वाचनको वातावरण बनाउन मुख्य राजनीतिक दलसँग सरकारले हार्दिकतापूर्वक छलफल र संवाद गर्नुपर्छ, एमाले निर्वाचनबाट भाग्दैन, चुनाव गर्नुस्, भाग लिन्छौँ ।"

नेपाली कम्युनिष्ट पार्टीका नेता खिमलाल देवकोटाले मुलुकमा अहिलेको परिस्थिति निर्माण हुनुमा ठूला राजनीतिक दलको गलत राजनीतिक अभ्यास र जेनजी आन्दोलनको भूमिका रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "संसद्‌को पुनःस्थापना निर्वाचनमार्फत गर्ने कार्यादेश छ, हतियार र फरार कैदी फिर्ता गरेर भयरहित निर्वाचन गर्ने वातावरण बनाउनुपर्छ, राजनीतिक स्थायित्वका लागि प्रत्यक्ष निर्वाचित कार्यकारी हुनुपर्छ, त्यसका लागि सरकार जिम्मेवार भएर काम गर्नुपर्छ ।" राष्ट्रिय स्वतन्त्र पार्टीका नेता सन्तोष परियारले आन्दोलन र हिंसाका आधारमा नभई विधि र विधानबाट नै मुलुकमा राजनीतिक परिवर्तन गर्न सकिन्छ भन्ने आफ्नो पार्टीको मत रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "निर्वाचनमार्फत जेनजीका माग, लोकतन्त्र, संविधान, समावेशितालाई अझ बढी बल प्रदान गर्दै मुलुकको आगामी मार्गचित्र कोर्ने र सङ्कट अन्त्य गर्ने हुनुपर्छ ।"जेनजी अभियान्ता मिराज ढुङ्गानाले मुलुकले २०८४ को निर्वाचन २०८२ मा खोजेको नभई सुशासन र भ्रष्टाचारका विषयमा उठेका मुद्दाको निकास खोजेको बताउनुभयो । उहाँले प्रश्न गर्नुभयो, "निर्वाचन हुनुपर्यो भन्ने माग दलको हो कि जनताको ?, निर्वाचन गर्दैमा मुलुकमा उठेका सुशासन, भ्रष्टाचार, विकृति, बेथिती र राजनीतिक पुस्तान्तरणको माग सम्बोधन हुन सक्छ ?"

अर्का जेनजी प्रतिनिधि भावना राउतले अहिलेको प्राथमिकता निर्वाचन मात्रै नभई निर्वाचन प्रक्रियामै आमुल सुधारको आवश्यकता भएकाले सरकारको पहिलो एजेण्डा संविधान संशोधन हुनपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "पूराना राजनीतिक दल र सरकारले संविधानमा लेखिएको र गर्नुपर्ने दायित्व समयमै सम्बोधन नगरेका कारण जेनजी आन्दोलन भएकाले त्यसको क्षतिको जिम्मेवार तत्कालीन सरकारले नै लिनुपर्छ ।"

वरिष्ठ अधिवक्ता नारायण घिमिरेले जेनजीका आवाज असल नागरिकको भावनाका रूपमा आएकाले उनीहरू उठाएका मुद्दालाई सम्बोधन गर्ने कार्यमा सरकार र राजनीतिक दलले सकारात्मक दृष्टिकोण राख्नुपर्ने बताउनुभयो । संस्थाका कार्यकारी निर्देशक कृष्णमान प्रधान र कार्यक्रम निर्देशक मोहन आचार्यले नेपाल कानुन समाजले कानुन निर्माण, निर्वाचन र लोकतन्त्रको पक्षमा राजनीतिक दल, नागरिक समाज र विभिन्न सरोकारवाला सङ्घसंस्थासँग छलफल र वहस गर्दै आइरहेको बताउनुभयो ।रासस

# 'बाबा सम्झेर टोलाइरहन्छन् छोराछोरी...'

काठमाण्डु । मसुरीको दाल, रायोको साग, र टमाटरको चटनीसहित अम्बिका विश्वकर्माले श्रीमान् सन्तोषका लागि खाना पस्किनुभयो । सन्तोष गहना पसलमा काम गर्नुहुन्थ्यो । बिहानको खाना खाएपछि गहना बनाउने कामका लागि जानुपर्ने सन्तोषको दैनिकी थियो ।

गत भदौ २३ गते भने सन्तोष सधैँ भन्दा अलि हतारमा देखिनुहुन्थ्यो । अम्बिकाले त्यो दिन सम्झिँदै भन्नुभयो, "खै किन हतार थियो ? फोन आइरहेको थियो साथीहरुको । खाएर निस्किहाल्नुभयो ।" कामका लागि होला भन्दै अम्बिकाले छिटो खाना खुवाएर सन्तोषलाई बिदा गर्नुभयो । "छोराछोरीले बाउ खोज्छन्, साँझ बेलैमा आउनु है," सन्तोषले अम्बिकातिर हेर्दै जवाफमा "ल ! ल ।" दुई शब्द मात्रै पर्काउनुभयो । भदौ २३ गते बिहान १०:०० बजे बिदा हुनुभएका सन्तोष रात बित्यो, फर्किनुभएन ।

दिनभर बानेश्वर संसद्‌भवनअगाडि आगजनी र गोली चल्यो भन्ने समाचार, भिडियोहरु अम्बिकाले सामाजिक सञ्जालमा हेरिरहनुभयो । त्यही संसद् भवन नजिकै आन्दोलनमा सहभागी हुनुभएका सन्तोषलाई अम्बिकाले गोली लागेको खबर राति १२:०० बजे मात्रै थाहा पाउनुभयो ।

काम गर्न भनेर निस्किनु भएका श्रीमान् बेलुका आएरसँगै खाना खाउँला भन्ने प्रतीक्षामा रहनुभएकी अम्बिकालाई श्रीमानलाई गोली लागेर अस्पताल भर्ना भएको खबर मध्यरातमा पाउँदा पृथ्वी भासिएझैँ भयो । खुट्टाहरु



काँपिरहे । मुटु चिसो भयो । उदयपुरको बेलका नगरपालिका-४ देखि काठमाडौँ आएर सपरिवार बस्न थालेको एक वर्षमात्रै भएको थियो । काठमाडौँको रहनसहनमा त्यति अभ्यस्त हुन बाँकी अम्बिका विचल्लीमा पर्नुभयो । राति हिँड्ने स्थिति थिएन । भोलिपल्ट उहाँ सन्तोषका साथीहरुको सहयोगमा काठमाडौँमा भए जतिका अस्पतालमा घाइते श्रीमान् खोज्न हिँड्नुभयो । अन्तिममा वीर अस्पतालमा मृत शरीर रहेको थाहा भयो । गेटबाट भित्र प्रवेश गर्ने अवस्था थिएन । प्रहरीको कडा सुरक्षाले गर्दा आफ्नो मान्छेसमेत हेर्न जान पाउनुभएन । अम्बिकालाई त्यो दिन सम्झँदा अहिले पनि रिङ्गटा लाग्छ ।

बोल्दाबोल्दै वाक्य बन्द हुन्छ । आँखाबाट आँशु टिल्पिलाउन थालिहाल्छ । अनि मन पोल्छ । अँध्यारो कोठामा चिच्याउँदै रुन मन लाग्छ । "कति रुनुँ ? मैँ रोए छोराछोरीको मुहारमा हाँसो कसरी आउला ?" अम्बिका यसैगरी फेरि कमजोर भएको मनलाई बलियो बनाएर छोराछोरीका लागि सङ्घर्ष गर्दै हुनुहुन्छ । उहाँको सङ्घर्ष अब राज्यसँग छ । आन्दोलनमा ज्यान गुमाएर सहिद भएका श्रीमान्को सपना पूरा गर्ने जिम्मेवारी अम्बिकाको काँधमा छ । दुई छोराछोरीको शिक्षादीक्षासँगै उदयपुर, बेलका-४ मा रहेका बुबाआमाको हेरचारसमेत गर्नुछ ।


सन्तोष कान्छा छोरा हुनुहुन्थ्यो । उमेरले ७० कटेका बृद्ध बुबाआमाको हेरचाह उहाँले नै गर्नुहुन्थ्यो । मजदुरी गरेरै जीवन चलाउनु भएका सन्तोषको परिवारको अहिलेसम्म सरकारी भूमिमा स्वामित्व छैन । "ऐलानी जग्गामा घर छ, कमाउने मान्छे ढल्यो । सधैँ सुकुम्वासी बन्ने भइयो", अम्बिका वेदना पोख्दै भन्नुहुन्छ, "केही काम पाए, गर्थें । केटाकेटीको पेट पाल्न त सक्थेँ ।"

अम्बिकाका अनुसार सरकारले सहिदका नाममा रु १५ लाख राहत रकम दिएको छ । यीबाहेक जेनजी आन्दोलनमा सहिद भएका परिवारका छोराछोरीलाई निःशुल्क शिक्षा प्रदान गर्ने, श्रीमान् वा श्रीमतीलाई रोजगार दिने आमा वा बुबामध्ये एक जनालाई पेन्सन दिनुपर्ने माग थियो । अहिले अम्बिका राज्यसँग पूरा हुन नसकेका माग प्राप्तिका लागि सङ्घर्षरत हुनुहन्छ । श्रीमान बितेको दिन महिनादेखि अम्बिकाको आम्दानीको स्रोत बन्द भएको छ । सरकारी विद्यालयमा दुई छोराछोरी पढ्छन् । उनीहरुको भविष्यका लागि पनि अम्बिकालाई रोजगारी आवश्यक छ । रासस

# महानगर धुलोमुक्त बनाउँदै

काठमाण्डु । काठमाडौँ महानगरपालिकाले गौरवको योजनाअन्तर्गत सहरलाई धुलोमुक्त बनाउने कार्यलाई तीव्र बनाएको छ ।

उक्त कार्यअन्तर्गत पछिल्लो समय बिग्रेका सडकको मर्मत, ढल मर्मत, खाल्टाखुल्टी भएका सडकमा कालोपत्रे तथा ढलान धमाधम भइरहेको कामपाको धुलोरहित सडक कार्यक्रम पश्चिम क्षेत्रका फोकल पर्सन, वरिष्ठ इञ्जिनियर माधव काफ्लेले जानकारी दिनुभयो । कामपा वडाबाट आएको मागका आधारमा काम गरिने 'धुलोरहित सडक' कार्यक्रमअन्तर्गत पश्चिम क्षेत्रमा करिब ८ किलोमिटर सडक सुधार योजना कार्यान्वयन थालिएको छ ।



इञ्जिनियर काफ्लेका अनुसार लामो समयदेखि स्वामित्व विवादमा रहेको बालाजु बाइपासबाट बालाजु उद्यान हुँदै बालाजु चोकसम्मको एक हजार १६० मिटर लामो सडक पनि कालोपत्रे हुनेछ । स्थानीयबासीले आफ्नो नामको जग्गा सडकमा रहेको दावी गरिरहेको यो विवादित सडक खण्डको करिब १९० मिटर सडक गएको महिना कालोपत्रे गरिएको छ । यो सडक खण्डमा ९ मिटरदेखि १४ मिटरसम्मको चौडाइ छ ।


बालाजु सडकसँगै विष्णुमती कोरिडोरअन्तर्गत वडा नम्बर १३, १४, १५ र १६ क्षेत्र, कुलेश्वर टेकु सडक, भगवती मन्दिर (कुमारी क्लव), कुलेश्वर लिङ्क मार्ग, शितला स्कुलबाट नागरिक बजार चोक (जामाचो मार्ग), सोह्रखुट्टे-पकनाजोल, चाक्सीबारीबाट जेपी चोकसम्म, कुलेश्वर-फलफूल बजार, बालाजु हाइटको गणेश मन्दिरबाट नागार्जुन पर्खालसम्म, शितला मार्गबाट पहिरा लिङ्क मार्ग, उमा महेश्वर मार्ग, रवि भवन मार्ग, बल्खुको सर्भिस ट्र्याकसहितका सडकमा काम हुनेछ ।

पूर्वाधार सुधार धुलोरहित सहर बनाउने कामपाको 'धुलोरहित सडक' कार्यक्रम ३ वर्षसम्म सञ्चालन हुने बहुवर्षीय योजना हो । यसका लागि हरेक वर्ष करिब रु १ अर्ब खर्च हुने अनुमान गरिएको छ ।

यस कार्यका लागि कामपाको भौगोलिक क्षेत्रलाई ४ भागमा विभाजन गरेर हरेक क्षेत्रका लागि एउटा प्याकेज बनाइएको छ । यसअन्तर्गत पूर्व क्षेत्रमा वडा नं ६, ७, ८, ९, १०, ३१ र ३२ गरी ७ वटा वडा पर्छन् । पश्चिम क्षेत्रमा वडा नम्बर १३, १४, १५ र १६ पर्छन् । उत्तर क्षेत्रमा वडा नं १, २, ३, ४, ५, २६, २८, २९ र ३० पर्छन् ।मध्य क्षेत्रमा भित्री वडाहरू, वडा नं ११, १२, १७, १८, १९, २०, २१, २२, २३, २४, २५ र २७ पर्छन् । यस क्षेत्रको कामका लागि करिब रु ४५ करोड लागत अनुमान गरिएको छ ।रासस

जनकपुर टुडे





अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# अलोकतान्त्रिक कार्य

नेकपा एमालेको सिफारिसमा मधेश प्रदेश प्रमुख बनेकी सुमित्रा सुवेदी भण्डारीले दलगत स्वार्थले ओतप्रोत भइ गरेकी अलोकतान्त्रिक क्रियाकलापले मधेश प्रदेशमा राजनीतिक विवाद बढेको छ । सुमित्रा भण्डारीले गरेकी अलोकतान्त्रिक कार्यको सर्वत्र निन्दा र भर्त्सना गरिएको छ। मधेश प्रदेशमा एमाले संसदीय दलका नेता सरोजकुमार यादवलाई संविधानको धारा १६८(३) बमोजिम मुख्यमन्त्री नियुक्त गरी शपथग्रहण समेत गराएकी छन् । संविधानको धारा १६३(३)को प्रयोगको अवस्था हुन सक्थ्यो। कानुनविद्हरुसित सल्लाह गरी त्यो निर्णय उनले आफ्नो कार्यालय अथवा नीजि सचिवालयमा बसेर गर्नु पर्थ्यो। भण्डारीले प्रयोग गरेकी धाराको विषयमा सर्वोच्च अदालतले अन्तिम निर्णय दिनेछ। उनी मधेश प्रदेश भवनमा स्थित प्रदेश प्रमुखको कार्यालय अथवा आफ्नो निवासमा रहेको सचिवालयबाट गर्दा उनको राजनीतिक रुपमा सामान्य आलोचना विपक्षीले गर्न सक्थे । तर उनले महोत्तरी जिल्लाको एउटा बार रेष्टुरेन्टमा बिहान ४ बजे मुख्यमन्त्रीको नियुक्ति र शपथग्रहण गराउँदा आलोचना मात्र नभइ पद समेत गुमाएकी छन् । पदीय मर्यादालाई ख्याल नगरी पार्टीगत स्वार्थमा लागेर गणतान्त्रिक लोकतन्त्रको उपहास गर्ने आचरणगर्दा पद गुमाउँदै चौतर्फी आलोचित भएकी छन् । बार रेष्टुरेन्टमा एमालेका सीमित नेता, कार्यकर्ता माझ शपथ लिएका मुख्यमन्त्री सरोजकुमार यादवलाई विपक्षी दलहरुले पदवहाली समेत गर्न दिएनन् । मधेश भवनस्थित मुख्यमन्त्रीको कार्यालय र मन्त्रालयहरुमा ताल्चा लगाइएको छ। तोडफोड गरिएको छ। पदीय मर्यादा विपरीत पार्टी कार्यकर्ताको भूमिकामा पटक पटक देखिएका मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डलको पद पनि धरापमा परेको छ । विपक्षी दलहरुले उनी विरुद्ध महाअभियोग लगाउने तयारी गरेका छन्। सभामुखलाई हटाउन चाहिने २ तिहाइ बहुमत पनि विपक्षी दलहरुसित रहेको छ। मण्डलले सभामुखको पदीय गरिमालाई कायम राख्न असफल भएका छन् । नेकपा एमालेको कोटामा मधेश प्रदेशको प्रमुख बनेका राजेश झा(अहिराज) बालिका बलात्कार अभियोगमा जेलमा छन्। सुमित्रा भण्डारीले बार रेष्टुरेन्टमा मुख्यमन्त्रीको नियुक्ति र पदबहाली गरेपछि आफ्नै पद गुमाएकी छन्। मण्डलले सभामुखको पदीय आचरण विपरीतका कार्यहरु गर्दै आएका छन्। मुख्यमन्त्री बनेका यादव र सभामुख मण्डलले नैतिक बल गुमाइसकेका छन् । सर्वोच्च अदालतको कोशी प्रदेश र संघीय संसद सम्बन्धी नजीर हरुलाई समेत सबै दलले ध्यान दिन आवश्यक छ। तोडफोड र अराजकता भन्दा राजनीतिक रुपमा निर्णय लिन आवश्यक छ। मुद्दा सर्वोच्च अदालतमा पुगेकाले फैसला समेत कुर्न जरुरी छ। एमालेको अधिकांश सभासदले प्रदेश प्रमुख र मुख्यमन्त्री बनेका यादवको आलोचना गरिरहेका छन्। एमाले संसदीय दलमा समेत एक्लिएका नेता यादव र सभामुख मण्डललाई अधिकांश सांसदले काँध थाप्ने अवस्था छैन। तर यो घटनाले एमालेको गणतान्त्रिक लोकतन्त्रप्रतिको निष्ठामाथि प्रश्न उठाएको छ।

# कम्युनिस्ट पार्टीहरू एकता गर्ने वा विघटन ?



डा. अतीन्द्र दाहाल

प्रचण्ड र माधव नेपालको नेतृत्वमा कम्युनिस्ट पार्टीहरूबीच एकता भयो।

विभिन्न कम्युनिस्ट पार्टीहरूमा फुट र आन्तरिक कलह लोकतन्त्रका लागि शुभ संकेत होइन।

कम्युनिस्ट नेताहरूको जीवनशैली र कार्यसम्पादनमाथि प्रश्न उठ्दैछ, जसले उनीहरूको उपादेयतामाथि प्रश्न खडा गरेको छ।

पछिल्ला केही हप्ताको प्रयास स्वरूप पुष्पकमल दाहाल 'प्रचण्ड' र माधव नेपाल नेतृत्वका दुई कम्युनिस्ट पार्टीहरूका केही टाउकालगायत फुटकर घटकबिच एकता मञ्चन भयो छ । विकसित घटनाक्रमका कारण अन्य बाम शक्तिहरूमा पनि नयाँ तरङ्ग उत्पन्न भएका समाचार प्रकाशमा आएका छन् ।

कोही पुनर्गठन र कोही घर फिर्ती अभियानमा छन् । केही थान नेतृत्वपंक्तिले बिस्तारै सबै बाम शक्तिहरूबिच एकीकरण हुने पनि बताउँदैछन् । देशमा अपेक्षित समृद्धिसमेत बाम शक्तिहरूको एकताले मात्र सम्भव हुने दलिल राख्नेहरू पनि छन् ।

वर्तमानका मुख्य पार्टीहरू एमाले, माओवादीलगायत अन्य सबै कम्युनिस्ट दलहरू विगतमा धेरै पटक फुटेका अनि कहिले काहीँ नाटकीय रूपमा जुटेका पनि थिए । जेनजी विद्रोहपछि राजनीतिबाट सफाइ लिने सनद जारी भए पनि अनेकन् भुलभुलैया बनाएर पार्टीको हैकम र हाकिमदारी नछाड्ने रवैया लुकाएका छैनन् ।

कसैले महाधिवेशन त कसैले एकता भनेर विद्रोहको विनयशीलतालाई गिज्याई रहेका छन् । राजनीतिबाट बिदाइ लिनुपर्ने पात्रहरू विभिन्न खालका अभियनमार्फत राजनीतिक रङ्गमञ्चलाई झन् अविश्वासिलो बनाउन उद्धत हुँदैछन् ।

अहिले पनि मसाल, एकीकृत, विकेन्द्रित, ड्यास, नेकपा, बहुमत, एकीकृत समाजवादी जस्ता नाममा लगभग दुई दर्जन कम्युनिस्ट पार्टी नामधारी दोकानहरू सञ्चालनमा छन् । कम्युनिस्ट आन्दोलनलाई कुनै कालखण्ड सशक्त नेतृत्व दिएका बाबुराम भट्टराई, मोहन वैद्य 'किरण', नेत्रविक्रम चन्द 'विप्लव', सिपी मैनाली, भीम रावल, मोहन विक्रम सिंह जस्ता नेताहरू दूर क्षितिजमा कतै छन् जस्ता मात्रै देखिन्छन् ।

उनीहरू चोइटिएर तितरबितर छन्, कम्युनिस्ट नामका विभिन्न खाले कचहरीमा केन्द्रित छन् । दलहरूमा निरन्तरको फुट र आन्तरिक लफडाबाजी देखिनु आफैँमा लोकतन्त्रका लागि निश्चय नै शुभ समाचार भने होइन ।

तर एकिकरणमार्फत बलियै शक्ति बने पनि नागरिकलाई खासै केही उल्लेख्य हुने देखिँदैन । कुनै पनि दल राजनीतिक शक्तिका रूपमा रहनुपर्छ कि पर्दैन भन्ने कुरा तीन मुख्य सिद्धान्तहरूको कसीमा मापन गरिन्छ ।

ती हुनः पार्टी सत्ताधारीको सामाजिक जीवन चरित्र । पार्टी राज्यसत्तामा रहँदाको कार्यसम्पादन र दल स्थापनाको औचित्य । यी तीनवटै आधारले अब कम्युनिस्ट नाममा हिजो जस्तै काम गरिरहने हो भने ती दलहरूको उपादेयता लगभग सकिएको आभास हुन्छ । पार्टी सत्ताका अगुवाहरूको चरित्र तथा आचरणमा आएको गम्भीर स्खलन यसको सबै भन्दा प्रमुख जड हो ।

### पार्टी सत्ताको शर्मनाक चरित्र

अधिकांश वाम नेताहरू पुँजीवादको विरोध त गर्छन् तर जीवन भने उच्च पुँजीवादी शैलीमा बिताउँछन् । सादा जीवन भन्ने कुरा त दस्ताबेजमा लेख्नका लागि मात्र बनाइएको हो भन्ने उनीहरूले आफ्नै जीवनबाट प्रमाणित गरिसकेका छन् ।

नाजायज, अवैधानिक तथा नकमाएको धनदौलत थुपार्नमा अधिक लगाव राख्छन् र अविच्छिन्न उपासना गर्छन् । सर्वहाराका नेता भएको भ्रम छरेर सर्वभोगी र विलासी जीवनमा रमाउँछन् । भरखरै भएको नागरिक विद्रोह विस्फोटनमा पनि नेताहरूको विलासिता र भ्रष्टाचारले ठुलै मलजल गरेकै थियो । पुस्तकालय मदिरालयमा फेरिएका छन् । जुवा, तास, रमरमिता र भोगविलास आत्मीय अखडा बन्दैछन् । बुर्जुवा शिक्षा भनेर अरूलाई विद्यालयबाट बाहिर निकालेर आफूचाहिँ निजी शिक्षाको व्यापारमा व्यस्त छन् । अत्तर छर्केर हिँड्ने, उच्च कोटिका विदेशी सोमरसका साथमा राजसी ढाटको चौरासी व्यञ्जन अधिकांशको प्रमुख दिनचर्या बन्दैछ ।

गोडा भएका कम्युनिस्टहरूलाई घोडा चाहिँदैन भन्नेहरू महँगा गाडी र हेलिकप्टरमा तडकभडक साथ सवारी चलाउन व्यस्त छन् । अधिकांश कम्युनिस्ट नेता व्यापारी भन्दा धनी छन् । रवाफिलो र भड्किलो जीवन शैलीमा छन् । आडम्बर र अहङ्कार यस्तो छ, मानौँ उनीहरू सामान्य नागरिक नभई महासामन्त वा सम्भ्रान्त हुन् ।

अनियन्त्रित दम्भ तथा अविवेकी आचरण चुलिँदो छ। नेताहरू 'लिडर' बाट 'डिलर' मा परिणत भएका छन् । उनीहरू राजनीतिलाई व्यापार ठान्छन्, नाफामा तल्लीन छन् । कालोबजारी, भ्रष्टाचार तथा तस्करीलाई दर्शन मान्छन्, कमिसनलाई अमृत ठानी पिउँछन् । कसैले उनीहरूको विरोध गरे विदेशी दलाल र परिचालितको आरोप लाउँछन् ।

उपभोक्तावाद तथा क्रोनी क्यापिटलिजमको विस्तारलाई सहज हुने गरी नियम बनाउँछन्, साम्राज्यवादी आचरण देखाउँछन्, हरेकमा मुनाफा खोज्छन्, सबैको श्रोत र साधन आफ्ना लागि दोहन गर्न चाहन्छन् । उनीहरूको अन्तिम ध्येयमा परिवारवाद छ । उनीहरू देश बनाउन होइन, आफू मात्र बन्नमा केन्द्रित छन् । आर्की ब्राउनको पुस्तक 'द राईज एण्ड फल अफ कम्युनिजम' ले समेत संसारभर कम्युनिस्टहरूको आचरण पतन उन्मुख भएको देखाउँछ। हामी यसको ज्वलन्त उदाहरण हौँ ।

### कमजोर कार्यसम्पादन

> निर्मला बलात्कार काण्ड, सुन काण्ड, गुठी विधेयक काण्ड, रुकुम काण्ड, बालुवाटार जग्गा काण्ड, सेक्युरिटी प्रिन्टिङ काण्ड, स्वास्थ्य सामाग्री खरिद काण्ड आदि तरङ्गहरु कम्युनिस्टकै ओतप्रोतमा आए । "ओम्नी" र "यति"ले दरैगरी कब्जा जमाएको देशलाई "बतास"ले उडाउनु पर्ने अवस्था कम्युनिस्टकै कारण देखियो । अहिले एकीकरणमा गएकाहरुले पनि यी उपद्रवलाई अभिभावकत्व दिएकै हुन् ।

राजनीतिको पछिल्लो १५ वर्षमा अधिकतम समय यी वा ती नामधारी कम्युनिस्ट पार्टीहरूले नै सरकारको नेतृत्व गरे । अन्य समय महत्त्वपूर्ण साझेदारीमा पनि रहे । तर कार्यसम्पादनसमेत अधिक कमजोर भएकोमा आम नागरिक ज्ञात नै छन् ।

निर्मला बलात्कार काण्ड, सुन काण्ड, गुठी विधेयक काण्ड, रुकुम काण्ड, बालुवाटार जग्गा काण्ड, सेक्युरिटी प्रिन्टिङ काण्ड, स्वास्थ्य सामाग्री खरिद काण्ड आदि तरङ्गहरू कम्युनिस्टकै ओतप्रोतमा आए । 'ओम्नी' र 'यति'ले दरैगरी कब्जा जमाएको देशलाई 'बतास'ले उडाउनु पर्ने अवस्था कम्युनिस्टकै कारण देखियो । अहिले एकीकरणमा गएकाहरूले पनि यी उपद्रवलाई अभिभावकत्व दिएकै हुन् ।

हरेक ठाउँमा सेटिङसहित साम, दाम, दण्ड, भेद सबैको प्रयोग गरेर सार्वजनिक संस्थान, निगम, विश्वविद्यालय, न्यायालयलगायत अन्य संस्थाहरूमा आफ्ना कार्यकर्ता भर्ती गर्ने र अपवाद बाहेक तीनलाई सकेसम्म निकम्मा तथा कवाडी बनाउनेमा उनीहरू नै माहिर देखिए । हरेक ठेक्कापट्टामा कमिसन, हरेक नियुक्तिमा नजराना अनि निर्णयमा सिन्डिकेट लादियो ।

मजदुर, किसान, पिछडिएका वर्ग, श्रमिकहरू भोटका लागि मात्र प्रयोग गरिए । अरू बेला कर छली गर्ने उद्योगी, नजराना चढाउने कमिसनखोर, दलाल तथा समाजलाई तर्साउने डन, देश तथा नागरिकलाई ठग्ने ठेकेदार, सकेसम्म शोषण गर्ने खलनायकहरूसँग नेताहरूले सत्सङ्ग र दिव्य मिलन गरेको देखियो ।

सामन्तको टाउको छिनाउनेदेखि शोषकको सफाया गर्नेहरू आफै नयाँ सामन्त र शोषक बनेका उदाहरण छन् । नागरिकका लागि सार्वजनिक सेवा प्रवाह र विकास खस्कँदो छ । देशको सर्वपक्षीय विकास, आर्थिक उपार्जन, प्रभावकारी सेवा तथा नागरिक जीवनलाई गुणस्तरीय बनाउने कार्ययोजनामा ठोस प्रस्टता छैन ।

लेखक गोवर्द्धन रानाको पुस्तक 'साम्यवाद' मा लेखिएको छ, 'झुट बोलेर नागरिकलाई झुक्क्याउनु नै कम्युनिस्टहरूको दार्शनिक धर्म हो ।' साँच्चै यस्तै परिदृश्य देखिएको छ राजनीतिक रङ्गमञ्चमा । अब त उनीहरूको स्थापनाकालीन उपादेयता नै अवसान भइसकेको छ ।

### उपादेयता के त ?

प्रचण्डको उद्देश्य राजतन्त्र फालेर संविधानसभा मार्फत गणतान्त्रिक संविधानको निर्माण थियो । माधव नेपालको उद्देश्य पञ्चायती व्यवस्थाको उन्मुलन थियो । अन्य सबै खालका कम्युनिस्ट पार्टीसमेत यिनै व्यवस्था समाप्तिका लागि स्थापित थिए । ती सबै पार्टीको आधारभूत उद्देश्य समेत पुरा भएकाले अब बाँकी नागरिक अपेक्षा पुरा गर्न नयाँ ढङ्गका दलहरूको आवश्यकता पर्छ । तत्कालीन शक्तिको प्रतिस्थापनपछि के गर्ने भन्ने न त स्पष्ट योजना थियो न त्यसको व्यवस्थापन गर्दै नागरिकको आशा अनुसार काम गर्न सके उनीहरूले । त्यही असक्षमताको प्रभाव अहिलेको कम्युनिस्टमा परेको छ ।

त्यसैले अहिलेका कम्युनिस्ट वा वाम पार्टीहरू भविष्यमा विभाजित वा एकीकृत नै रहे पनि नागरिक भलाई तथा देश हितमा भने उनीहरूका गतिविधि केवल कागलाई बेल पाके जस्तो मात्र हुनेछ । तत्कालै केही अनुपम र उदाहरणीय हुने अवस्था छैन । उनीहरूबिचको विवाद अनि नाटकीय शैलीमा हुने मेलमिलाप आदिले कसैको आडम्बरलाई जोगाउँला तर कम्युनिस्ट आचरण, समाजवादी चरित्र तथा नागरिक अपेक्षालाई जोगाउन सक्ने ल्याकत राख्दैन ।

परिवर्तित सन्दर्भमा आफूलाई वाम भन्ने राजनीतिक पार्टीहरूको अभिष्टमाथि निर्मम समीक्षा आवश्यक छ । अहिले चलेको एकताको बहस- एकताको भजन आत्मरतिको फेसन त बन्न सक्ला तर यसले नागरिक अपेक्षाको सम्मान भने गर्दैन ।रातोपाटी

# रैथाने बाली संरक्षणमा प्रदेश सरकार

हेमन्त केसी

कर्णाली प्रदेशमा उत्पादन हुने नौवटा रैथाने प्रजातिका बालीहरू चिनो, कागुनो, उवा, लट्टे (मार्से), फापर, जुम्ली मार्सी, कोदो, जौ र स्थानीय सिमीलाई प्रदेश सरकारले रैथाने बालीका रूपमा सूचीकृत गरेको छ। प्रदेश सरकारले खाद्य व्यवस्था तथा व्यापार कम्पनीसँग मिलेर अर्ग्यानिक उत्पादनलाई व्यवस्थित गरेर बिक्री गर्न मिल स्थापनाको काम जारी राखेको छ।

प्रदेश सरकारले रैथाने बाली जोगाउन उत्पादन, बजारीकरण र प्रवर्द्धनका लागि 'मूल्यवान् कर्णाली किसानका सम्पदा' लेखिएको 'मूल्यवान्' लोगो कार्यक्रम लागू गरेको छ। प्रदेश प्राङ्गारिक कृषि ऐन, २०७६ मा परम्परागत रूपमा खेती गरिँदै आएका रैथाने बालीको उत्पादनका लागि छुट्टै लोगोको व्यवस्था गर्नुपर्ने उल्लेख छ।

प्रदेशको पहिचान झल्किने गरी निजी तथा सहकारी क्षेत्रको सहभागितामा स्वीकृत 'मूल्यवान्' लोगोलाई अलग पहिचानसहित मूल्य अभिवद्धि गरी राष्ट्रिय/अन्तरराष्ट्रिय बजारमा परिचित गराउने उद्देश्यले कर्णाली सरकारले उक्त ऐनबमोजिम 'लोगो' प्रयोगसम्बन्धी अनुमति एवं मापदण्ड निर्धारण गरेको छ। मूल्यवान् लोगो टाँस गरी 'प्याकिङ' गर्दा प्याकेटमा तौल, उत्पादन मिति, उपयोग गर्न सकिने अधिकतम् समय, किसिम, ग्रेड र उत्पत्ति स्थल स्पष्ट खुलेको हुनुपर्छ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयसँग स्वामित्व रहेको लोगो प्रयोग गर्न इजाजत लिनुपर्ने, रैथाने बालीको विवरण प्रत्येक वर्ष मन्त्रालयमा उपलब्ध गराउनुपर्ने लगायतका सर्त राखिएको छ। प्रदेश सरकारको २०७४ फागुन ६ गते बसेको मन्त्रिपरिषद्को पहिलो बैठकले अर्ग्यानिक कृषिका आधार तय गर्दै रैथाने बालीको संरक्षण गर्ने निर्णय गरेको थियो।

रैथाने बीउ लोपोन्मुख अवस्थामा पुगेपछि जिल्लास्थित कृषि विकास कार्यालयहरूले बीउ बैङ्क स्थापना गरेका छन्। प्रदेश सरकारले 'मूल्यवान्' लोगो अङ्कित 'प्याकेजिङ'को व्यवस्था गरेपछि यस्ता उत्पादनले झन् राम्रो मूल्य पाएका छन्। प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय बाली विकास महाशाखाका अनुसार डोल्पामा तीन, मुगुमा चार, हुम्लामा छ, जुम्लामा २४, दैलेखमा एक, सुर्खेतमा १४, रुकुम पश्चिममा आठ, जाजरकोटमा दुई, सल्यानमा तीन बिक्री केन्द्र एवं कोसेली घर छन्। सुर्खेतको भेरीगङ्गा नगरपालिका-५ मा अर्ग्यानिक माउन्टेन फ्लेवर/दि अर्ग्यानिक भ्यालीमा 'मूल्यवान्' लोगो अङ्कित उत्पादन बिक्रीमा राखिएको छ।

रैथाने बालीका खाद्य वस्तुले बजारमा राम्रो मूल्य पाएको व्यवसायी बताउँछन्। कर्णालीको रैथाने सिमी उत्पादन भएकामा झण्डै ६० प्रतिशत कर्णाली बाहिर खपत भएको मन्त्रालयसँग तथ्याङ्क छ। प्रदेश सरकारले कम्पनीसँग मिलेर आफ्नै मिल स्थापनासमेत जारी राखेको छ। अघिल्लो आर्थिक वर्षमा मिल निर्माण गर्न डिपिआर भएर चालु आवमा ठेक्का हुने तयारी भएको भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री विनोदकुमार शाहले बताउनुभयो।

### कर्णालीमा जग्गा बाँझो राख्नेलाई जरिवाना

कर्णाली प्रदेशमा खेतीयोग्य जमिन बाँझो राख्नेलाई जरिवाना लाग्ने भएको छ। प्रदेश सरकारले आर्थिक ऐन, २०८२ मा त्यस्तो व्यवस्था गरेको हो। ऐनअनुसार १० रोपनीसम्म जमिन बाँझो राख्नेलाई रु ५००, दशदेखि २० रोपनी बाँझो राखेमा रु एक हजार, २० रोपनीभन्दा बढी बाँझो राखेमा रु एक हजार ५०० जरिवाना लाग्नेछ। यो ऐन प्रदेश राजपत्रमा प्रकाशित भएको छ।

बाँझो जमिनमा खेती गर्नेलाई अनुदान र सहुलियतको व्यवस्था पनि गरिएको छ। प्रदेश सरकारले कर्जा सुविधा पनि उपलब्ध गराएको छ। पाँच हेक्टरभन्दा बढी जमिनमा खेती गर्नेको ऋणको सम्पूर्ण ब्याज प्रदेश सरकारले तिर्ने प्रबन्ध मिलाइएको छ। पाँच हेक्टरभन्दा कम क्षेत्रफलमा खेती गर्नेलाई पनि सातदेखि १० प्रतिशतसम्म ब्याज अनुदान दिइने व्यवस्था ऐनमा गरिएको छ।

### कर्णालीका चार जिल्ला खाद्यान्न आत्मनिर्भर

कर्णालीका चार जिल्ला खाद्यान्न आत्मनिर्भर बनेका छन्। जिल्लामा उत्पादन हुने अन्नले खाना पुग्ने अवस्थामा सुर्खेत, सल्यान, दैलेख, जाजरकोट, जुम्ला र रुकुम पश्चिम मात्र रहेको कर्णाली प्रदेश भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले जनाएको छ। कर्णालीलाई पूर्ण रूपमा खाद्यान्नमा आत्मनिर्भर हुन तीन लाख ४६ हजार ८८४ मेट्रिकटन खाद्यान्न आवश्यक पर्नेछ।



आर्थिक वर्ष २०८१/८२ को विवरणअनुसार कालीकोट, मुगु, डोल्पा र हुम्लामा मात्र खाद्यान्न अभाव देखिएको छ। यी जिल्लालाई आफ्नै उत्पादनले वर्षभर धान्नसक्ने अवस्था नरहेको मन्त्रालयले तथ्याङ्कमा उल्लेख रहेको छ। वर्षमा ९४ हजार ९८७ मेट्रिकटन खाद्यान्न उत्पादन हुने सुर्खेत जिल्ला खाद्यान्नमा आत्मनिर्भर छ। सुर्खेतमा सात हजार ४०१ मेट्रिकटन मौज्दात रहने तथ्याङ्क रहेको छ।

त्यसैगरी सल्यानमा वार्षिक ४७ हजार ७१२ मेट्रिकटन खाद्यान्न आवश्यक पर्ने भए पनि ७० हजार ५११ मेट्रिकटन उत्पादन हुने गरेको छ। दैलेखमा पनि वार्षिक ६० हजार २५ मेट्रिकटन उत्पादन हुन्छ। दैलेखलाई ५० हजार १८४ मेट्रिकटन खाद्यान्न आवश्यक पर्छ।

कर्णालीमा वार्षिक २२ हजार ६७२ मेट्रिकटन खाद्यान्न अपुग हुने गरेको पाइएको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार कर्णाली प्रदेशको जनसङ्ख्या १६ लाख ८८ हजार ४१२ छ। हाल मन्त्रालयले १७ लाख २५ हजार ६४२ जनसङ्ख्या पुगेको अनुमान गरेको छ। यो सङ्ख्यालाई आधार मान्दा कर्णालीमा वार्षिक एक जनालाई २०१ किलो खाद्यान्न आवश्यक पर्छ। कर्णालीमा अहिले वार्षिक तीन लाख ७६ हजार २१९ मेट्रिकटन खाद्यान्न उत्पादन हुने गरेको छ। डोल्पामा अहिले पनि वार्षिक तीन हजार ६१९ मेट्रिकटन खाद्यान्न अपुग छ। आठ हजार ९७२ मेट्रिकटन खाद्यान्न आवश्यक डोल्पामा रहेको छ। हुम्लामा ६ हजार ४३७, मुगुमा पाँच हजार ६४५ अपुग रहेको छ। जुम्ला हाल खाद्यान्नमा आत्मनिर्भर भएको मन्त्रालयका खाद्य सुरक्षा प्रवर्द्धन शाखाका बागवानी विकास अधिकृत विशाल खत्रीले जानकारी दिनुभयो।

सबैभन्दा धेरै कालीकोटमा वार्षिक रूपमा छ हजार ९७२ मेट्रिकटन खाद्यान्न अपुग हुँदा रुकुम पश्चिममा आत्मनिर्भर रहेको छ। खाद्यान्न अपुग भएको जिल्लामा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले खाद्यान्न सहुलियत दरमा खाद्यान्न वितरण गर्दै आएको छ। कम्पनीले बिक्री केन्द्र र डिपोमार्फत खाद्यान्न बिक्री गर्दै आएको हो। खाद्य अभाव टार्नका लागि खाद्य व्यवस्था व्यापार कम्पनीले खाद्य सङ्कट भएको ठाउँमा अनुदानको चामल बिक्री गर्दै आएको छ। चालु आवमा पनि सोही अनुसार काम भएको प्रादेशिक प्रमुख केशवराज बुढाले जानकारी दिनुभयो। अघिल्लो आवमा समेत दुर्गम तथा समस्या परेको ठाउँमा कम्पनीले खाद्यान्न ढुवानी तथा बिक्री गरेको उहाँले बताउनुभयो।

कर्णाली प्रदेशको पाँच जिल्लामा एक हजार ६५ 'क्विन्टल' चामल जन्म, मृत्युमा उपलब्ध गराएको छ। प्रादेशिक कार्यालयका प्रमुख बुढाले दिएको जानकारीअनुसार कालीकोट, डोल्पा, हुम्ला, जुम्ला र मुगुका स्थानीयवासीको मृत्यु तथा जन्म हुँदा चामल उपलब्ध गराएको हो। आर्थिक वर्ष २०८१/८२ मा २५१ र जन्म तीन हजार ४२० जनालाई उक्त परिणामको चामल वितरण गरिएको उहाँले बताउनुभयो। प्रतिव्यक्तिलाई ३० केजी चामल र दूरीका हिसाबले रु ५०० देखि एक हजार हजारसम्म ढुवानी भाडा दिने व्यवस्था रहेको छ।

अघिल्लो वर्ष कर्णालीका २१ ठाउँमा रहेका बिक्री तथा डिपोहरुबाट २६ हजार २३९ क्विन्टल दुई किलो चामल छुटसहित बिक्री भएको प्रदेशिक कार्यालयले जनाएको छ। जुम्ला, कालीकोट, हुम्ला, डोल्पा, मुगु, दैलेख, जाजरकोट, रुकुम पश्चिम र सुर्खेतमा उक्त खाद्यान्न बिक्री भएको हो। दसैँ, तिहार लक्षित गरेर स्थापना गरिएको सुपथ मूल्य पसलमा यो परिणाममा खाद्यान्न बिक्री भएको हो। चालु आवमा २७ ठाउँमा सुपथ मूल्य पसल सञ्चालन भइरहेका छन्। सहर केन्द्रित रहँदै आएका सुपथ मूल्य पसलहरु चालु आवदेखि गाउँ केन्द्रित गरिएको बुढाले जानकारी दिनुभयो। आगामी वर्षदेखि कम्पनीले आफ्नो सेवा थप विस्तारसँगै व्यवस्थित गर्न लागेको उहाँको भनाइ छ।रासस

# मन्त्रिपरिषद्को निर्णय सार्वजनिक



काठमाण्डु। सरकारले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयअन्तर्गत विभिन्न निकायमा अधिकृतस्तरका २५६ अस्थायी दरबन्दी स्वीकृत गर्ने निर्णय गरेको छ। मन्त्रिपरिषद् बैठकको यही कात्तिक २४ गतेको निर्णय सार्वजनिक गर्न आयोजित पत्रकार सम्मेलनमा नेपाल सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले सो जानकारी दिनुभएको हो।

मन्त्रालयअन्तर्गत काठमाडौँको कान्तिबाल अस्पताल र स्वास्थ्य बिमा बोर्ड तथा धनगढीको गेटा अस्पताल, बाँके खजुराको सुशील कोइराला प्रखर क्यान्सर अस्पताल र डडेल्धुराको डडेल्धुरा अस्पतालका लागि दरबन्दी स्वीकृत गरिएको हो। मन्त्रिपरिषद् बैठकले स्वास्थ्य सेवा विभागको महानिर्देशक डा टङ्कप्रसाद बारकोटीले दिनुभएको राजीनामा स्वीकृत गर्ने निर्णय गरेको छ। यसैगरी मधेस प्रदेशका प्रमुख सुमित्रा सुवेदी भण्डारीलाई पदमुक्त गर्न र सुरेन्द्र लाभ कर्ण, धनुषालाई प्रदेश प्रमुखमा नियुक्ति गर्न राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय गरेको सञ्चारमन्त्री खरेलले जानकारी दिनुभयो।

यस्तै मन्त्रिपरिषद् बैठकले एमसिए-नेपालले निर्माण गर्ने ४०० केभी विद्युत् प्रसारणलाइन विस्तारका क्रममा नवलपरासी, पाल्पा, तनहुँ, चितवन, धादिङ, सिन्धुपाल्चोक, काठमाडौँ, नुवाकोट र मकवानपुर जिल्लास्थित सो प्रसारणलाइनको मध्यरेखाबाट २३-२३ मिटर दायाँ र बायाँका करिब एक हजार ३८१ हेक्टर क्षेत्रफलको जग्गामा कुनै प्रकारको संरचना निर्माण गर्न तथा रूख रोप्न नपाइने निर्णय गरेको छ।

बैठकले ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र अन्तर्गतका निकायको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्न पूर्वस्वीकृति प्रदान गर्ने निर्णय गरेको छ। राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण (दोस्रो संशोधन) नियमावली, २०८२ स्वीकृत गर्ने निर्णय गरेको सरकारले भूउपयोग-तेस्रो संशोधन) नियमावली, २०८२ पनि स्वीकृत गरेको छ।

बैठकले नेपाल प्रहरीको प्रहरी महानिरीक्षक पदमा वरिष्ठतम् अतिरिक्त प्रहरी महानिरीक्षक दानबहादुर कार्कीलाई बढुवा गर्ने निर्णय गरेको छ। साविक रेशमखेती विकास कार्यक्रम धनकुटाको नाममा रहेको धनकुटा नगरपालिका-७ स्थित २५ रोपनी चार आना तीन पैसा जग्गा प्रादेशिक अस्पताल निर्माणका लागि उपयोग गर्न स्वीकृति दिने निर्णय बैठकले गरेको छ। यसैगरी आगामी फागुन १ देखि ७ गतेसम्म कर्णाली प्रदेशमा दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना गर्न स्वीकृति दिने निर्णय बैठकले गरेको छ।

नेपाली सेनाका दुई जना प्रमुख सेनानीलाई महासेनानी दर्जामा बढुवा गर्ने निर्णयसहित नेपाली सेनाद्वारा सञ्चालन हुने तालिम सहयोगका लागि नेपाली सेना र 'अफिस अफ डिफेन्स कोअपरेसन', अमेरिकी राजदूतावासबीच सम्पन्न भएको समझदारीपत्रको अवधि दुई वर्ष थप गर्न स्वीकृति दिएको सञ्चारमन्त्री खरेलले जानकारी दिनुभयो। मन्त्रिपरिषद् बैठकले भारतको विशाखापटनम्मा यही कात्तिक २८ देखि २९ गतेसम्म आयोजना हुने ३०औँ 'पार्टनरसिप समिट' २०२५ मा सहभागी हुन उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री अनिलकुमार सिन्हालाई स्वीकृति प्रदान गरेको छ।

यस्तै आगामी मङ्सिर ८ देखि १२ गतेसम्म अष्ट्रेलियाको सिड्नीमा आयोजना हुने 'आइएइए स्कुल अन न्युक्लियर एन्ड रेडियोलोजिकल लिडरसिप फर सेफ्टी एन्ड फर न्युक्लियर सेक्युरिटी' कार्यक्रममा विज्ञान प्रविधि सचिव विश्वबन्धु पुडासैनीलाई सहभागी हुन स्वीकृति दिने निर्णय गरेको नेपाल सरकारका प्रवक्ता एवं सञ्चारमन्त्री खरेलले जानकारी दिनुभयो। रासस

# त्रिविको जग्गा फिर्ता ल्याउने प्रक्रियामा प्रधानमन्त्रीद्वारा प्रगति माग




काठमाण्डु। प्रधानमन्त्री सुशीला कार्कीले अपचलनमा परेको त्रिभुवन विश्वविद्यालयको जग्गा फिर्ता ल्याउने प्रक्रियामा भएको प्रगतिबारे जानकारी माग गर्नुभएको छ।

प्रधानमन्त्री कार्कीले मंगलबार दिउँसो सिंहदरबारमा अर्थमन्त्री रामेश्वर खनाल, गृहमन्त्री ओमप्रकाश अर्याल, शिक्षामन्त्री महावीर पुन, सञ्चारमन्त्री जगदीश खरेलसमेतको उपस्थितिमा त्रिविका उपकुलपति प्रा दीपक अर्याल, रेक्टर प्रा खड्ग केसी, रजिस्ट्रार प्रा केदारप्रसाद रिजाललगायतसँग छलफल गर्नुभएको हो। छलफलमा मुख्य सचिव एकनारायण अर्याल, जग्गा खोजबिन समितिका पदाधिकारीहरुको पनि उपस्थिति थियो।

प्रधानमन्त्री कार्कीले प्रतिवेदन कार्यान्वयनमा हालसम्म भएको प्रगतिबारे जानकारी माग गर्दै आगामी प्रक्रियाका विषयमा चासो राख्नुभएको थियो। उहाँले प्रतिवेदन सार्वजनिक भएपछि के कति फिर्ता आयो, फिर्ता हुने प्रक्रिया कसरी अघि बढेको छ र दोषीमाथि कारबाहीको प्रक्रिया केके भयो भनेर जिज्ञासा राख्नुभएको थियो। त्रिविका पदाधिकारीले विश्वविद्यालयको जग्गा ओगटेर बसेकाहरुलाई हटाउन र अपचलन भएर गएको जग्गाको लगत कायम गर्न सरकारको सहयोगको अपेक्षा रहेको बताउनुभयो।

गृहमन्त्री अर्यालले लगत कायम गर्ने प्रक्रियामा विश्वविद्यालय आफैँ अग्रसर हुनुपर्ने र कीर्ते गरी जग्गा हडिपएको छभने प्रत्येक घटनाको अलगअलग मुद्दाका रुपमा सिआइबीलगायत निकायमा जाहेरी दिनुपर्ने बताउनुभयो। जग्गा अपचलनमासिआइबीकोविशेषज्ञता र अनुभव पनि रहेकाले कारबाही अघि बढाउन तयार रहेको उहाँको भनाइ थियो। मुख्य सचिव एकनारायण अर्यालले प्रतिवेदनमा औँल्याइएका विषयमध्ये ६० प्रतिशत काम विश्वविद्यालय आफैँले गर्न सक्ने बताउनुभयो। सबै कामका लागि सरकारको मुख ताक्न नहुने उहाँको धारणा थियो।

शिक्षामन्त्री पुनले यो विषय धेरै नतन्काईकन गर्न सक्ने काम तुरुन्तै गरिहाल्नुपर्ने र यसका लागि सबै सरोकारवाला निकायहरुको प्रतिनिधि रहनेगरी कार्यदल बनाउनुपर्ने प्रस्ताव राख्नुभयो। प्रधानमन्त्री कार्कीले असम्बन्धित सङ्घसंस्था र व्यक्तिहरुले त्रिविको जग्गा ओगट्ने, बल भएकै आधारमा मिचेर खाने र बेचबिखनसमेत गर्ने प्रवृत्ति तत्काल रोक्न निर्देशन दिनुभयो। साथै यसमा जो दोषी भए पनि तत्काल कठघरामा उभ्याउनुपर्ने उहाँको निर्देशन छ। रासस


# संविधान रक्षार्थ जनप्रतिनिधिलाई अग्रभागमा आउन मुख्यमन्त्री कँडेलको आग्रह

कर्णाली। कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले संविधानको रक्षाको लागि जनप्रतिनिधि अग्रभागमा उभिनुपर्ने अवस्था आएको बताउनुभएको छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सुर्खेतको आयोजनामा मंगलबारदेखि दुई दिनसम्म वीरेन्द्रनगरमा सञ्चालन हुने प्रदेश तथा स्थानीय तहबीच अन्तरसरकार सम्बन्धका सवालमा छलफल तथा अन्तरक्रियामा उहाँले मुलुकको पछिल्लो घटनापछि संविधान नै के हुने हो भन्ने परिस्थिति सिर्जना भएकाले संविधानको रक्षाको लागि बचेका जनप्रतिनिधि अग्रभागमा आउनुपर्ने धारणा राख्नुभयो। यद्यपी दुई महिनामै परिस्थिति फेरिएको बताउनुभयो।

"जेनजी आन्दोलनबाट सिर्जित परिस्थितिले सबैलाई प्रभावित बनाएको छ तर त्यतिबेलाको सरकार र आन्दोलनकारीको गतिविधि हेर्ने हो भने अब मुलुकमा दल नै नरहला जस्तो गरी व्यवहार गरियो। निजामती प्रशासन पनि त्यसै अनुरूप आतङ्कित भयो," मुख्यमन्त्री कँडेलले भन्नुभयो। उहाँले तीन तहको सरकारले सहकार्य, सहअस्तित्व र समन्वयमा आधारित भएर जनताको पक्षमा काम गर्नुपर्नेमा जोड दिनुभयो।

भदौ २३ गतेपछि मुलुकको अवस्था पहिलेकै झै नरहेको बताउँदै मुख्यमन्त्री कँडेलले भ्रष्टाचार नियन्त्रण र सुशासकको



मुख्यमन्त्री कँडेलले प्रतिनिधिसभा विघटन भइसकेको अवस्थामा स्थानीय र प्रदेश तहका जनप्रतिनिधिले जनताको सेवासँगै संविधानको रक्षाको लागि आ-आफनो ठाउँबाट अगुवाइ गर्नुपर्नेमा जोड दिनुभयो। भदौ २३ र २४ गते लगत्तै राजनीतिक दलका नेता तथा जनप्रतिनिधि अब कहिल्यै फर्कन्नन् भन्ने मनोवैज्ञानिक त्रास सिर्जना गरिएको बताउँदै उहाँले मागमा कसैको विमति नरहे पनि हिंसात्मक आन्दोलनलाई राजनीतिक आवरण दिन नसकिने जनाउनुभयो। वास्तविक जेनजीहरूले चाहेको भ्रष्टाचार नियन्त्रण र सुशासनको मागमा जनप्रतिनिधिले आफूलाई अब्बल सावित गर्न सुझाउनुभएका उहाँले असल र जनमुखी कामबाट नै संविधान र व्यवस्थाको जगेर्ना हुने धारणा राख्नुभयो। रासस

# नेपाल-रसियाबीचको 'विज्ञान-कूटनीति' लाई प्राथमिकता दिन जोड

काठमाण्डु। नेपाल-रसियाका वैज्ञानिकहरूबीचको सम्बन्ध सुदृढ बनाउन 'विज्ञान-कूटनीति' लाई प्राथमिकता दिनुपर्नेमा जोड दिइएको छ। 'नेपाल-रसिया वैज्ञानिक तथा प्राविधिक सम्बन्ध : विज्ञान-कूटनीतिको माध्यमबाट विश्वास र सहकार्य निर्माण' विषयक छलफलमा सहभागी वक्ताहरूले दुई देशका वैज्ञानिकहरूबीचको सहकार्यले कूटनीतिक क्षेत्रमा योगदान पुग्ने विश्वास व्यक्त गर्नुभएको हो।



रुसी हाउस र नेपाल-रसिया विज्ञान समाजको संयुक्त आयोजनामा मंगलबार आयोजित सो छलफलमा विज्ञान र शिक्षामार्फत द्विपक्षीय कूटनीति सुदृढ गर्ने विषयलाई विशेष जोड दिइएको थियो।

नेपाल-रसिया विज्ञान समाजका अध्यक्ष गणेश साहले सन् १९५६ मा दुई देशबीच कूटनीतिक सम्बन्ध स्थापनासँगै शैक्षिक क्षेत्रमा ज्ञान आदानप्रदान, प्रविधि हस्तान्तरण र अनुसन्धान सहकार्यका माध्यमबाट आपसी विश्वास, सम्मान र वैज्ञानिक प्रगतिका साझा आकांक्षामा आधारित रहँदै आएको बताउनुभयो। उहाँले विज्ञान, प्रविधि, जलविद्युत् तथा अन्तरिक्षा अनुसन्धानका क्षेत्रमा रसियासँगको सहकार्यलाई अझ सुदृढ गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

पूर्वराजदूत शम्भुराम सिम्खडाले नेपाल-रसिया सम्बन्धलाई नयाँ युगको 'विज्ञान-कूटनीति' का दृष्टिले महत्त्वपूर्ण अवसरका रूपमा लिनुपर्ने बताउँदै अनुसन्धान र नवप्रवर्तनमा युवा पुस्ताको संलग्नता बढाउन सुझाव दिनुभयो।

रुसी दूतावासकी काउन्सिलर तथा रुसी हाउसकी निर्देशक आनास्तासिया खोख्लोभाले रसियाले नेपाली विद्यार्थीलाई अध्ययनका लागि विशेष सहुलियतसहित पूर्ण छात्रवृत्ति प्रदान गर्दै आएको र नवप्रवर्तनलाई प्राथमिकता दिइरहेको अवस्थामा विज्ञान र प्रविधि क्षेत्रमा रसियासँगको सहकार्य रणनीतिक रूपमा अझ महत्त्वपूर्ण बन्दै गएको बताउनुभयो।

नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान (नास्ट) की शिक्षाविद् डा अञ्जना सिंहले राष्ट्रिय विकासका लागि विज्ञान कूटनीतिलाई संस्थागत रूपमा सुदृढ गर्नुपर्ने बताउनुभयो। नास्टका पूर्व कुलपति प्रा डा जीवराज पोखरेलले नेपालमा विज्ञान र कूटनीतिक अवस्थाबारे प्रस्तुत गर्दै नीति तहमा वैज्ञानिक अनुसन्धान र प्रविधि आदानप्रदानलाई प्राथमिकता दिनुपर्ने धारणा राख्नुभयो।

जलविद्युत् इञ्जीनीयर तथा पूर्वमन्त्री दीपक ज्ञवालीले विज्ञान र शिक्षामार्फत जनस्तरमै कूटनीतिकसम्बन्ध विस्तार गर्न सकिने बताउँदै जन-कूटनीतिलाई विज्ञानमार्फत सशक्त बनाउनुपर्नेमा जोड दिनुभयो। कार्यक्रमका अन्य वक्ताहरूले कूटनीति सम्बन्ध विस्तार, ज्ञान आदानप्रदान र अनुसन्धानका माध्यमबाट नेपाल-रसिया सम्बन्धलाई नयाँ उच्चतामा पुऱ्याउनुपर्नेमा जोड दिनुभएको थियो। रासस

# प्रदेश तथा स्थानीय तहबीच अन्तर सरकार सम्बन्धका सवालमा छलफल सुरु

कर्णाली। प्रदेश र स्थानीय तहबीचको सम्बन्धलाई थप व्यवस्थित र एकरुपता ल्याउन सुर्खेत वीरेन्द्रनगरमा आजदेखि 'प्रदेश तथा स्थानीय तहबीच अन्तरसरकार सम्बन्धका सवालमा छलफल तथा अन्तरक्रिया' सुरु भएको छ।




मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको आयोजनामा मंगलबारदेखि दुई दिनसम्म वीरेन्द्रनगरमा सञ्चालन हुने 'प्रदेश तथा स्थानीय तहबीच अन्तरसरकार सम्बन्धका सवालमा छलफल तथा अन्तरक्रिया' को उद्घाटन मुख्यमन्त्री यामलाल कँडेलले गर्नुभयो।

उहाँले संविधानको मर्मअनुसार समन्वय, सहकार्य र सहअस्तित्वको आधारमा तीनै तहका सरकार अगाडि बढ्नुपर्ने बताउनुभयो। संविधानको भावनाअनुसार प्रदेश र स्थानीय तहका सरकारबीचको सम्बन्धलाई थप समन्वयात्मक ढङ्गले अघि बढाउन प्रदेश सरकारले विषयगत छलफल तथा अन्तरक्रिया सञ्चालन गरेको बताउनुभयो। अन्तरक्रियामासरकारको नियमित कामकारबाहीका विषयमा गाउँपालिका तथा नगरपालिका राष्ट्रिय महासङ्घ नेपालका पदाधिकारीहरुसँग पनि बसेर छलफल गरिने जनाइएको छ। कर्णाली प्रदेश सरकारका प्रमुख सचिव वीरेन्द्रनारायण यादवले एउटै जिल्लाबाट सात हजारभन्दा बढी योजना आउने संस्कृतिले विकासको अपरिहार्यता पहिचान हुन नसकेको बताउनुभयो।

राजस्व बाँडफाँड, विशेष, समपूरक, ससर्त अनुदानको कार्यान्वयनमा आएका समस्या, स्थानीय तहका कर्मचारी व्यवस्थापन, कानुन निर्माण र कार्यान्वयन सम्बन्धमा बृहत् छलफल गरी आगामी नीति, बजेट तथा कार्यक्रम तर्जुमाको मार्ग तयार गर्ने छ। रासस

# निर्वाचनको वातावरण बनाउन दलहरूको भूमिका महत्पूर्ण रहन्छ: कानुनमन्त्री सिन्हा



काठमाण्डु। कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अनिलकुमार सिन्हाले निर्वाचनको मुख्य पक्ष राजनीतिक दल भएकाले चुनावको वातावरण बनाउन उनीहरूको उत्तिकै भूमिका रहने बताउनुभएको छ।

नेपाल कानुन समाजद्वारा मंगलबार आयोजित 'आगामी प्रतिनिधिसभाको निर्वाचनः चुनौती र अवसर' विषयक अन्तर्क्रियामा उहाँले सरकार, राजनीतिक दल र अन्य सरोकारवाला पक्षबीचको घनिभूत छलफल र बहसले चुनावी वातावरण बनाउने धारणा व्यक्त गर्नुभयो।

मन्त्री सिन्हाले भन्नुभयो, "जसका लागि चुनाव आवश्यक छ, उनीहरूले पनि वातावरण बनाउन भूमिका खेल्नुपर्छ, निर्वाचन गराउने सन्दर्भमा सबैले राम्रो नियत राखौँ, निकास दिऔँ।" सरकारले आगामी निर्वाचनलाई केन्द्रित गरी राजनीतिक दल र नेतासँग निरन्तर संवाद गरिरहेको उल्लेख गर्दै उहाँले राज्य सञ्चालनको अनुभवका कारण कतिपय सन्दर्भमा केही कमीकमजोरी भए पनि वर्तमान सङ्कटबाट मुलुकलाई निकास दिलाउन भरमग्दुर प्रयास गरिरहेको स्पष्ट पार्नुभयो।

मन्त्री सिन्हाले विदेशमा रहेका नेपाली नागरिकलाई मताधिकार दिलाउनेसम्बन्धी प्रक्रिया र तयारीको अवस्था शून्य रहेको त्यसको सम्भावना पहिचान गर्ने कार्यलाई सरकारले प्राथमिकतामा राखेको बताउनुभयो।

उहाँले भन्नुभयो, "युवापुस्ताले अवसरको खोजी गरिरहेको छ, उनीहरूको भावनालाई सम्बोधन गर्न सरकार क्रियाशील छ, सङ्कटको निकास दिन जिम्मेवारीका काम भइरहेको छ, यसमा शङ्का गर्नुपर्दैन।" रासस


## रामगोपालपुर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### रामगोपालपुर, महोत्तरी
मधेश प्रदेश, नेपाल

## सिलबन्दी बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित सूचना मिति २०८२।०७।२६ गते**

यस रामगोपालपुर नगरपालिकाको मिति २०८२/०७/२३ गतेको निर्णय अनुसार तथा स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम यस नगरपालिकाको स्वामित्व र संरक्षणमा रहेको तपसिल बमोजिमका पोखरीहरुको ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले उक्त ठेक्का लिने ईच्छुक व्यक्ति, फर्म, संघ-संस्थाले बोलपत्र कागजातमा उल्लेखित शर्त बन्देजको अधिनमा रही सिलबन्दी बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल** :

| सि. नं. | ठेक्का नं. | पोखरीको नाम | न्यूनतम बोलपत्र रकम (VAT सहित) | बोलपत्र कागजात खरिद गर्नु पर्ने अन्तिम मिति | बोलपत्र दर्ता गर्नु पर्ने अन्तिम मिति | बोलपत्र दस्तुर | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | 05/IR/MP/RGPMUN/082/83 | मखनिया पोखरी | २५,५०,०००।- | २०८२/०८/२५ कार्यालय समयभित्र | २०८२/०८/२६ दिउँसो १२ :०० बजे भित्र | ३,०००।- | कुल कबोल अंकको ५% हुन आउने रकम | ५ वर्षको लागि |

**बोलपत्र खोलिने मिति, समय र स्थान** : २०८२/०८/२६, दिउँसो २ :०० बजे, रामगोपालपुर न पा, महोत्तरी

**नोट** : बोलपत्र दर्ता हुने/खोलिने मितिको दिन सार्वजनिक बिदा परेमा सोको भोलीपल्ट निर्धारित समयमै बोलपत्र दर्ता गरिनेछ/खोलिनेछ ।

**थप जानकारीको लागी** : रामगोपालपुर न.पा., महोत्तरीको कार्यालयमा सम्पर्क गर्नुहुन ।

**प्रमुख प्रशासकीय अधिकृत**


# दिल्लीको घातक कार विस्फोटमा कम्तीमा आठको मृत्यु, फरेन्सिक टोलीद्वारा गहिरो अनुसन्धान सुरु

**एएफपी**

नयाँदिल्ली । भारतीय फरेन्सिक टोलीहरूले मङ्गलबार बिहान राजधानी नयाँदिल्लीको मुटुमा भएको विनाशकारी कार विस्फोटको खोजी कार्य जारी राखेका छन् । सोमबार राति भएको उक्त विस्फोटमा कम्तीमा आठ जनाको ज्यान गएको र १९ जना घाइते भएको पुष्टि गरिएको छ ।

विस्फोट पुरानो दिल्लीको भीडभाडयुक्त क्षेत्रमा, ऐतिहासिक लालकिल्ला नजिकै भएको थियो । विस्फोटपछिको आगलागीले वरिपरिका अन्य सवारी साधनहरू पनि जलेका थिए । प्रहरीले अहिलेसम्म विस्फोटको कारणबारे कुनै आधिकारिक विवरण दिएको छैन ।

गृहमन्त्री अमित शाहले पत्रकारहरूसँग कुरा गर्दै भन्नुभयो, “सुरक्षा निकायहरूले सबै कोणबाट अनुसन्धान गरिरहेका छन् । फरेन्सिक नमूनाहरूको विश्लेषण नभएसम्म घटनाको वास्तविक कारण बताउन कठिन छ ।”



मङ्गलबार बिहान एएफपीका पत्रकारहरूले विस्फोटस्थलमा प्रहरीद्वारा सेतो कपडाले घेरेर राखिएको क्षेत्रमा जलेका गाडीहरूको भग्नावशेष देखेका थिए। घटनास्थलमा फरेन्सिक विज्ञ र आतङ्कवाद विरोधी एकाइका अधिकारीहरू प्रमाण सङ्कलनमा व्यस्त थिए। नयाँदिल्लीभरि सुरक्षा कडा पारिएको छ ।

प्रधानमन्त्री नरेन्द्र मोदीले मृतकका परिवारप्रति गहिरो समवेदना व्यक्त गर्नुभएको छ । उहाँले गृहमन्त्री अमित शाहसँग ‘स्थितिको प्रत्यक्ष समीक्षा’ गर्नुभएको र घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभएको विज्ञप्तिमा उल्लेख गरिएको छ।

प्रधानमन्त्री मोदीले भन्नुभयो, “दिल्लीमा भएको यो विस्फोट अत्यन्त पीडादायक छ। आफ्ना प्रियजनहरू गुमाउने परिवारहरूप्रति समवेदना व्यक्त गर्दछु, घाइतेहरू चाँडै निको होऊन् ।”

१७औँ शताब्दीमा निर्माण गरिएको लालकिल्ला भारतको सबैभन्दा प्रतिष्ठित ऐतिहासिक स्मारक हो । यही किल्लाको प्राचीरबाट प्रत्येक वर्ष स्वतन्त्रता दिवसमा प्रधानमन्त्रीहरूले राष्ट्रलाई सम्बोधन गर्ने परम्परा रहिआएको छ ।

### कारभित्रका मानिसहरू जलिरहेका थिए

नयाँदिल्लीका उप प्रमुख अग्नि अधिकारी ए.के. मलिकले भन्नुभयो, “अहिलेसम्म आठ जनाको मृत्यु भएको छ र १९ जना घाइते भएका छन् ।” यद्यपि, प्रेस ट्रस्ट अफ इन्डियाले पछिल्लो विवरण अनुसार मृतकको सङ्ख्या नौ पुगेको जनाएको छ ।

प्रत्यक्षदर्शीहरूले घटनाको भयावह क्षणको वर्णन गर्दै ट्राफिकको बीचमा अचानक कार विस्फोट हुँदा आगोले वरिपरि रहेका मानिसहरू र सवारी साधनहरूलाई पनि घेरेको बताएका छन् ।

“मैले कार चलिरहेका बेलामा विस्फोट भएको देखेँ । मानिसहरूमा आगो लागेको थियो, हामीले सकेसम्म उद्धार गर्ने प्रयास गर्‍यौँ । तर केही मानिसहरू कारभित्रै जलिरहेका थिए”, २७ वर्षीय धर्मेन्द्र धागाले भन्नुभयो, “मैले वरिपरिका जनतालाई उद्धारमा सघाउन भनेको थिएँ, तर धेरैजना भिडियो र फोटो खिच्नमै व्यस्त थिए ।”

विस्फोटपछि सहरको एलएनजेपी अस्पतालको आपतकालीन कक्षमा अराजकता फैलिएको थियो । घाइतेहरू एकपछि अर्को गरी ल्याइएका थिए र चिकित्सकहरूले तत्काल उपचार सुरु गरेका थिए । एक महिला आफ्ना पतिलाई अस्पतालमा गम्भीर अवस्थामा देखेर रोइरहेकी थिइन् । उनका भाइले सान्त्वना दिने प्रयास गर्दै उनलाई अँगालो हाल्दै भन्दै थिए, “सब ठीक हुन्छ ।”

विपक्षी नेता राहुल गान्धीले विज्ञप्ति जारी गर्दै विस्फोटमा भएको मानवीय क्षतिको निन्दा गर्नुभयो । उहाँले भन्नुभयो, “दिल्लीमा भएको यो विस्फोट हृदयविदारक छ । प्रभावित परिवारहरूप्रति गहिरो सहानुभूति व्यक्त गर्दछु ।”

यसैबीच अमेरिकी विदेश मन्त्रालयले पनि एक वक्तव्य जारी गर्दै घटनाप्रति दुःख व्यक्त गरेको छ । वक्तव्यमा भनिएको छ, “हाम्रो हृदय यस भयानक विस्फोटबाट प्रभावितहरूसँगै छ । हामी घटनाक्रमलाई नजिकबाट निगरानी गरिरहेका छौँ ।”

यस घटनाले राजधानीको सुरक्षासम्बन्धी चिन्ता पुनः बढाएको छ । यद्यपि अनुसन्धान प्रारम्भिक चरणमा नै रहेको र फरेन्सिक प्रतिवेदन नआएसम्म विस्फोट आतङ्कवादी आक्रमण हो वा आकस्मिक दुर्घटना भन्ने स्पष्ट हुन बाँकी रहेको अधिकारीहरूले जनाएका छन् ।

# दिल्लीको घातक विस्फोटलाई ‘षड्यन्त्र’ भन्दै प्रधानमन्त्री मोदीद्वारा दोषीलाई कठोर कारबाहीको चेतावनी

**एएफपी**

नयाँदिल्ली । भारतीयप्रधानमन्त्रीनरेन्द्रमोदीले राजधानीको मुटुमा भएको घातक कार विस्फोटलाई ‘ गम्भीर षड्यन्त्र’ भन्दै यस घटनाका दोषीहरूलाई न्यायको कठघरामा उभ्याइने प्रतिबद्धता जनाउनुभएको छ । सोमबार ऐतिहासिक लालकिल्ला नजिकै भएको उक्त विस्फोटमा कम्तीमा आठ जनाको मृत्यु र १९ जनाभन्दा बढी घाइते भएका छन् ।



भारतका सबैभन्दा चिनिएका स्मारकहरूमध्ये एक लालकिल्ला नजिकै भएको उक्त विस्फोटको कारण र स्वरूपबारे अनुसन्धान जारी रहेको दिल्ली प्रहरीले जनाएको छ । प्रधानमन्त्री मोदीले भुटानको राजकीय भ्रमणका क्रममा सञ्चारकर्मीसँग कुरा गर्दै भन्नुभयो, “म सबैलाई विश्वास दिलाउँछु कि सम्बन्धित एजेन्सीहरूले सम्पूर्ण षड्यन्त्रको तहसम्म पुग्नेछन् । यस घटनामा संलग्न सबैलाई न्यायको कठघरामा ल्याइनेछ ।”

अप्रिल २२ पछि भारतमा यो सबैभन्दा ठूलो सुरक्षा घटना हो । उक्त दिन दिन भारत प्रशासित कश्मीरको पहलगाममा भएको आक्रमणमा २६ जना हिन्दू नागरिकको हत्या भएको थियो । त्यसपछि भारत र पाकिस्तानबीच सीमा तनाव चर्किएको थियो ।

सोमबारको विस्फोट केही घण्टाअघि भारतीय प्रहरीले पाकिस्तानमा आधारित आतङ्कवादी समूह जैश-ए-मोहम्मद र अल-कायदाको काश्मीर शाखा अन्सार गजवत-उल-हिन्दसँग सम्बन्धित गिरोहका सदस्यहरूलाई पक्राउ गरी विस्फोटक पदार्थ र आक्रमणकारी राइफलहरू बरामद गरेको घोषणा गरेको थियो । यी दुवै समूह भारतमा प्रतिबन्धित आतङ्कवादी सङ्गठनको रूपमा सूचीबद्ध छन् ।

रक्षामन्त्री राजनाथ सिंहले पनि नयाँदिल्लीमा आयोजित सम्मेलनमा अनुसन्धान एजेन्सीहरू ‘गहन र तीव्र अनुसन्धानमा जुटेका छन्’ भन्दै अनुसन्धानको नतिजा चाँडै सार्वजनिक गरिने बताउनुभयो। उहाँले प्रधानमन्त्री मोदीका शब्दहरूसँगै दोहोर्‍याउँदै भन्नुभयो, “यस दुःखद घटनाका दोषीहरू कुनै पनि परिस्थितिमा उन्मुक्ति पाउने छैनन्, तिनीहरूलाई कठोर सजाय दिइनेछ ।”

दिल्ली प्रहरीका वरिष्ठ अधिकारी राजा बन्थियाले पुरानो दिल्लीको भीडभाडपूर्ण क्षेत्रमा भएको विस्फोटको अनुसन्धान आतङ्कवाद विरोधी कानून अन्तर्गत भइरहेको जानकारी दिनुभयो । नयाँदिल्लीका उप प्रमुख अग्नि अधिकारी एके मलिकका अनुसार घटनापछि आठ जनाको मृत्यु भएको पुष्टि भएको थियो, तर प्रेस ट्रस्ट अफ इन्डियाका अनुसार मृतकको सङ्ख्या १२ पुगेको अनुमान गरिएको छ, यद्यपि उक्त तथ्याङ्क अझै आधिकारिक रूपमा पुष्टि भएको छैन ।

भारत सरकारले यस घटनालाई पाकिस्तानको समर्थनमा सञ्चालित आतङ्कवादी गतिविधिसँग जोड्दै कडा प्रतिक्रिया जनाएको छ । यद्यपि पाकिस्तानले ती आरोपहरू अस्वीकार गरेको छ। अप्रिलको पहलगाम आक्रमणपछि दुवै आणविक शक्ति सम्पन्न देशहरूबीच मे महिनामा गोलीबारी, तोपखाना र ड्रोन आक्रमणमा ७० जनाभन्दा बढीको मृत्यु भएको थियो। त्यसपछि मात्र युद्धविराम कायम गरिएको थियो।

भारतको राजधानीमा यसअघि सन् २०११ सेप्टेम्बरमा ठूलो आतङ्कवादी आक्रमण भएको थियो । सो बेला ब्रिफकेसमा लुकाइएको बम उच्च अदालत बाहिर विस्फोट भएको थियो । हालको दिल्ली विस्फोटलाई त्यसपछिको सबैभन्दा गम्भीर सुरक्षा चुनौतीका रूपमा हेरिएको छ।

# ‘नेपाल आउँदा उत्साहित छु’- जनकपुर बोल्ट्सका प्रशिक्षक चन्द्रपल




काठमाण्डु । वेस्ट इन्डिजका पूर्व कप्तान शिवनारायण चन्द्रपलले नेपाल आउँदा आफू उत्साहित भएको बताएका छन्।

नेपाल प्रिमियर लिग (एनपिएल) को साविक विजेता जनकपुर बोल्ट्सको मुख्य प्रशिक्षक नियुक्त भएपछि चन्द्रपल सोमवार पहिलो पटक नेपाल आएका हुन् ।

जनकपुर बोल्ट्सले सोमवार साँझ राखेको पत्रकार सम्मेलनमा विश्व क्रिकेटका दिग्गज ब्याटर समेत रहेका चन्द्रपलले भने, ‘म यहाँ आउँदा निकै उत्साहित छु। यो सिजनमा हामीले राम्रो क्रिकेट खेल्दै अघिल्लो सिजनको पाइला पछ्याउँदै अगाडि बढ्ने छौं।’

नेपाली क्रिकेट बारे सोधिएको प्रश्नमा चन्द्रपलले भने, ‘मैले नेपालले खेलेका केही टि-ट्वान्टी र ओडिआई खेल हेरेको छु। पछिल्लो पटक वेस्ट इन्डिजविरुद्ध शारजाहमा श्रृंखला जित्दा पनि हेरेको थिएँ। नेपाली क्रिकेट निरन्तर विकास हुँदैछ, सुधारिँदैछ र अझ राम्रो बन्दै गएको छ।’

उनले नेपाली क्रिकेटलाई सुझाव दिँदै थपे,’ मेरो विचारमा नेपालले अझ धेरै अन्तर्राष्ट्रिय क्रिकेट खेल्नुपर्छ। क्रिकेट विकासका लागि पूर्वाधार नै प्रमुख हो। यदि मैदानहरू राम्रो भए ठूला टिम यहाँ आउँछन् र त्यसले नेपाली क्रिकेटलाई अझै उचाइमा पुर्‍याउँछ।’

जनकपुर बोल्ट्स र खेलाडीको विषयमा भने उनले स्थानीय प्रशिक्षकसँग सल्लाह सुझाव लिएर अगाडि बढ्ने पनि स्पष्ट पारे।

नेपाली राष्ट्रिय क्रिकेट टोलीका पूर्व प्रशिक्षक पुबुदु दासानायकेको नेतृत्वमा जनकपुर बोल्ट्सले एनपिएलको पहिलो संस्करण जितेको थियो।

बोल्ट्सका जनरल म्यानेजर निरोज खतिवडाले यो सिजनका लागि सुरुमा पुबुदुसँग छलफल भएको र उहाँ उपलब्ध हुन नसकेपछि चन्द्रपलसँग यो सिजनका लागि सम्झौता भएको बताएका छन् ।

पुबुदुले यो सिजन विराटनगर किङ्स सम्हाल्ने भएको सोमवार सार्वजनिक गरिएको थियो। रासस

# पाकिस्तानको अदालतमा विस्फोट, १२ जनाको मृत्यु

**सिन्ह्वा**

इस्लामावाद । पाकिस्तानको राजधानी इस्लामाबादको जिल्ला अदालत बाहिर मङ्गलबार भएको आत्मघाती विस्फोटमा कम्तीमा १२ जनाको मृत्यु हुनुका साथै २७ जना घाइते भएको गृहमन्त्री मोहसिन नकवीले मिडियालाई बताउनु भएको छ ।

उहाँले आत्मघाती विस्पोट न्यायिक परिसरमा भएको उल्लेख गर्दै उक्त स्थनमा धेरै जिल्ला अदालतहरू रहेको बताउनु भएको छ ।

प्रहरी र उद्धार टोलीहरू तुरुन्तै घटनास्थलमा पुगी शव तथा घाइतेहरूलाई पाकिस्तान इन्स्टिच्युट अफ मेडिकल साइन्समा लगिउको जनाइएको छ ।

इस्लामाबादको मिडिया शाखाका अधिकारी घाइतेमध्ये केहीको अवस्था गम्भीर भएकाले मृतकको सङ्ख्या बढ्न सक्ने प्रहरीलाई उदृत गर्दै सिन्ह्वाले जनाएको छ ।

प्रारम्भिक अनुसन्धान प्रतिवेदन अनुसार आक्रमणकारीहरु न्यायिक परिसरमा प्रवेश गर्न चाहन्थे, तर कडा सुरक्षा जाँच घेरा पार गर्न नसके पछि अन्ततः परिसर बाहिर प्रहरीको गाडीमा आक्रमण गरेको जनाइएको छ ।

विस्फोटको कारण धेरैवटा गाडीहरूमा आगो लाग्नुका साथै केही क्षतिग्रस्त भएको जनाइएको छ।

घटनास्थलबाट आत्मघाती आक्रमणकारीहरुले शरीरका अङ्गहरू बरामद गरेको प्रहरीले जनाएको छ भने फरेन्सिक टोलीले आक्रमणकारीको पहिचान गर्ने प्रक्रिया सुरु गरेको छ ।

जिल्ला प्रशासनले अदालत परिसर खाली गरेको छ भने सुरक्षा विभागले उक्त क्षेत्रमा खोजी अभियान सुरु गरेको जनाइउको छ ।

अहिलेसम्म कुनै पनि समूहले आक्रमणको जिम्मेवारी लिएको छैन । यद्यपि, सुरक्षा स्रोतहरूलाई उदृत गर्दै अफगानिस्तानबाट सञ्चालित प्रतिबन्धित सङ्गठन तेहरीक-ए-तालिबान पाकिस्तान (टिटिपी) ले आक्रमण गरेको जनाएको छ ।

# पूर्वप्रधानमन्त्री शेख हसिनाविरुद्धको फैसला नोभेम्बरको अन्त्यतिर आउने सङ्केत

**एएफपी**

ढाका। बङ्गलादेशकी अपदस्थ पूर्वप्रधानमन्त्री शेख हसिनाविरुद्ध दायर मानवताविरुद्धको अपराधसम्बन्धी मुद्दाको फैसला यसै नोभेम्बर महिनाको अन्त्यतिर हुने अपेक्षा गरिएको छ। बङ्गलादेशका सरकारी अभियोजनकर्ताहरूले मङ्गलबार यसबारे जानकारी दिएका हुन् ।



गत महिना मुद्दा सुनुवाइ सकिएपछि फैसलाको मितिबारे केही भ्रम उत्पन्न भएको थियो । अदालतले नोभेम्बर १३ का लागि नयाँ सुनुवाइको मिति तोकेको छ, जसमा फैसला सुनाउने मिति घोषणा गरिने अपेक्षा गरिएको छ।

बङ्गलादेशको अन्तर्राष्ट्रिय अपराध न्यायाधिकरणका अभियोजक गाजी मनोवर हुसेन तमीमले भन्नुभयो, “बिहीबारको सुनुवाइको उद्देश्य केवल फैसलाको मिति घोषणा गर्नु हो । हाम्रो अघिल्ला अनुभवका आधारमा अदालतले अन्तिम फैसला सुनाउन थप एक हप्ता समय लिन सक्छ। नोभेम्बर १३ मा अदालतले फैसला सुनाउने मिति तोक्ने तयारी गरेको छ ।”

सन् २०२४ अगस्टमा भएको घातक विद्रोहपछि शेख हसिनाको सरकार अपदस्थ भएको थियो । लामो समयदेखि सत्तामा रहेकी हसिनाको पतनसँगै बङ्गलादेश राजनीतिक अस्थिरतामा डुबेको छ। आगामी सन् २०२६ फेब्रुअरीमा हुन लागेको आमनिर्वाचनको पूर्वसन्ध्यामा हिंसात्मक घटनाहरू तीव्र बन्दै गएका छन् ।

७८ वर्षीया हसिनामाथि विद्यार्थी नेतृत्वमा भएको आन्दोलनलाई दबाउने क्रममा घातक दमनको आदेश दिएको आरोप लगाइएको छ । भारतमा निर्वासनमा रहनुभएकी उहाँ अदालतको उपस्थितिको आदेश उल्लङ्घन गर्दै अनुपस्थित रहनुभएको थियो। सन् २०२४ को जुन १ मा सुरु भएको उक्त मुद्दाको सुनुवाइमा सयौँ साक्षीको बयान लिइएको थियो । अभियोजन पक्षका अनुसार हसिनाले सामूहिक हत्याको आदेश दिनुका साथै आन्दोलन रोक्न असफल भएर मानवताविरुद्धको अपराध गर्नुभएको थियो ।

संयुक्त राष्ट्रसङ्घको तथ्याङ्कअनुसार सन् २०२४ को जुलाईदेखि अगस्टसम्मका बीचमा भएको हिंसामा झण्डै एक हजार ४०० जनाको मृत्यु भएको थियो। अभियोजकहरूले पाँचवटा प्रमुख आरोप दर्ता गरेका छन्, जसमा हत्या रोक्न असफल हुनु, मानवताविरुद्धका अपराध र राजनीतिक दमनलाई उक्साउने कार्य समेत समावेश छन् । दोषी ठहरिए हसिनालाई मृत्युदण्डको सजाय माग गरिएको छ ।

शेख हसिनाले भने सबै आरोप अस्वीकार गर्दै आफ्नो मुद्दालाई ‘ न्यायिक प्रणालीमाथिको मजाक’ को संज्ञा दिनुभएको छ । उहाँका सह-अभियुक्तहरूमा तत्कालीन गृहमन्त्री असदुज्जमान खान कमल र पूर्व प्रहरी महानिर्देशक चौधरी अब्दुल्ला अल-मामुन रहनुभएको छ । कमल हाल फरार हुनुहुन्छ भने अल-मामुन हाल हिरासतमा हुनुहुन्छ। अल-मामुनविरुद्धको फैसला पहिले नै सुनाइसकिएको छ।

हसिनाको प्रतिबन्धित राजनीतिक दल अवामी लिगले बिहीबार राष्ट्रव्यापी ‘लकडाउन’ आह्वान गरेको छ, जसका कारण बङ्गलादेशभर सुरक्षा निकायहरूलाई उच्च सतर्कतामा राखिएको छ।

राजनीतिक तनाव चुलिँदै गएको बङ्गलादेशमा अब सबैको ध्यान अदालतले शेख हसिनाविरुद्धको ऐतिहासिक फैसला कहिले र कस्तो दिने भन्ने विषयतर्फ केन्द्रित भएको छ।

# भुटानमा जलविद्युत् परियोजनाको उद्घाटन गर्न प्रधानमन्त्री मोदीको उच्चस्तरीय भ्रमण

**एएफपी**

नयाँदिल्ली । भारतका प्रधानमन्त्री नरेन्द्र मोदी मङ्गलबार छिमेकी तथा मित्रराष्ट्र भुटानको भ्रमणमा पुग्नुभएको छ । उहाँले भुटानका राजा जिग्मे खेसर नामग्याल वाङ्चुकसँग मिलेर विशाल पुनात्सङ्चु-२ जलविद्युत् परियोजनाको संयुक्त उद्घाटन गर्नुभएको छ। उक्त आयोजना भुटानकै सबैभन्दा ठूलोमध्ये एक हो। यसको उत्पादन क्षमता एक हजार २० मेगावाट रहेको छ।

कार्बन-नकारात्मक राष्ट्रका रूपमा चिनिएको भुटानले हालका वर्षहरूमा जलविद्युत् क्षेत्रमा उल्लेखनीय प्रगति गर्दै आएको छ। यसले आफ्ना प्रचुर जलस्रोतहरूलाई सदुपयोग गर्दै भारतजस्ता ऊर्जाको उच्च माग भएका देशहरूमा बिजुली निर्यात गरेर ठूलो मात्रामा राजस्व आर्जन गर्दै आएको छ । साथै, देशभित्रको सस्तो र वातावरणमैत्री बिजुलीलाई क्रिप्टोकरेन्सी माइनिङका लागि पनि उपयोग गर्दै आएको छ।

प्रधानमन्त्री मोदीले नयाँदिल्लीबाट प्रस्थान गर्नुअघि जारी गर्नुभएको विज्ञप्तिमा भन्नुभएको थियो, “यो भ्रमणले भारत र भुटानबीचको सफल ऊर्जा साझेदारीलाई अझ सुदृढ पार्नेछ र हाम्रो सम्बन्धमा अर्को ऐतिहासिक कोसेढुङ्गा थपिनेछ।”

उहाँले आफ्नो भ्रमण भुटानसँगको सम्बन्धलाई थप गहिरो बनाउने तथा भारतको ‘छिमेकी पहिले’ नीतिको प्रमुख स्तम्भका रूपमा रहेको पनि उल्लेख गर्नुभयो ।

भारत र भुटानबीचको सम्बन्ध पारस्परिक विश्वास र सहकार्यमा आधारित छ। भुटानको कुल व्यापारमा भारतको हिस्सा ८० प्रतिशतभन्दा बढी रहेको छ। सन् २०२४-२५ मा दुवै देशबीचको कुल व्यापार करिब एक अर्ब ७८ करोड अमेरिकी डलर पुगेको भारतको वाणिज्य मन्त्रालयले जनाएको छ । नयाँदिल्लीस्थित भुटानी दूतावासका अनुसार भुटानको कुल निर्यातको झण्डै दुई तिहाइ भाग जलविद्युत् निर्यातले ओगटेको छ।



गत वर्ष भारतले भुटानलाई पेट्रोलियम पदार्थ, फलाम र स्टिल, अन्न तथा स्मार्टफोनलगायतका वस्तुहरू गरी कुल एक अर्ब ३० करोड डलरका सामग्री निर्यात गरेको थियो। सोही अवधिमा भुटानले बिजुली र निर्माण सामग्रीसहित करिब ५१ करोड ३० लाख डलरका वस्तुहरू भारतमा निर्यात गरेको थियो।

दुई देशबीचको भौतिक पूर्वाधार सञ्जाल सुदृढ पार्ने लक्ष्यका साथ भारतले गत सेप्टेम्बरमा भुटानका लागि पहिलो सीमापार रेलवे निर्माण गर्ने घोषणा गरेको थियो। यसले दुवै मुलुकबीचको आर्थिक र जनस्तरीय सम्बन्धलाई अझ नजिक ल्याउने विश्वास व्यक्त गरिएको छ।

भुटानले विकासको मापनका रूपमा ‘ग्रस नेसनल ह्याप्पीनेस’ (सकल राष्ट्रिय सुख) लाई प्राथमिकता दिने नीति अवलम्बन गर्दै आएको छ। तथापि, ती नीतिहरूले व्यापक बेरोजगारीका चुनौतीहरूलाई पूर्णरूपमा सम्बोधन गर्न नसक्दा हजारौँ युवा रोजगारीका अवसरको खोजीमा देशबाहिर जान बाध्य भएका छन् ।

विश्व बैंकका अनुसार भुटानको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन (जिडिपी) हाल करिब तीन हजार ७१८ अमेरिकी डलर रहेको छ। यो पहाडी राज्य हाल आफ्नो अर्थतन्त्रलाई विविधीकरण गर्ने प्रयासमा जुटेको छ। जलविद्युत्को प्रचुर स्रोत र चिसो मौसमको फाइदा उठाउँदै भुटानले ठूलो परिमाणका कम्प्युटर फार्महरू स्थापना गरी क्रिप्टोकरेन्सी माइनिङका क्षेत्रमा अग्रसरता लिएको छ।

राज्य-संरक्षित संस्था ‘ड्रुक होल्डिङ एण्ड इन्भेस्टमेन्ट्स’ ले सन् २०२१-२२ मा करिब ५३ करोड ९० लाख डलर–भुटानको कुल जिडिपीको पाँचौं भाग बराबर–को लगानीमा क्रिप्टोकरेन्सी सञ्चालन सुरु गरेको थियो । त्यसयता भुटानले ठूलो मात्रामा क्रिप्टो सम्पत्ति आर्जन गरेको बताइए पनि यसको सटीक मूल्य सार्वजनिक गरिएको छैन।

प्रधानमन्त्री मोदीको यो भ्रमणले भारत-भुटान सम्बन्धलाई अझ मजबुत बनाउने र दुई राष्ट्रबीचको ऊर्जा, व्यापार तथा प्रविधि सहकार्यका नयाँ ढोका खोल्ने अपेक्षा गरिएको छ।

# 'हाइटेक टनेल' बनाउन दुई करोडभन्दा बढी अनुदान



पर्वत । कृषि उत्पादनलाई आधुनिकीकरण र व्यवसायीकीकरण गर्दै तरकारी उत्पादनमा गाउँपालिकालाई आत्मनिर्भर बनाउने लक्ष्यसहित पर्वतको विहादी गाउँपालिका ' हाइटेक टनेल'खेती विस्तार अभियानमा जुटेको छ।

कृषकलाई व्यावसायिक बनाउनका लागि गाउँपालिकाले ८० प्रतिशत अनुदानमा हाइटेक टनेल (आधुनिक प्रविधिबाट बेमौसमी तरकारीखेती गर्न बनाइएको संरचना) निर्माणका लागि सहकारी संस्था, कृषक समूह तथा व्यावसायिक कृषक फार्मबाट प्रस्ताव आह्वान गरेको छ।

स्थानीय किसानलाई प्रविधिमैत्री खेतीतर्फ आकर्षित गर्ने उद्देश्यसहित गाउँपालिकाले चालू आर्थिक वर्षमा हाइटेक टनेल निर्माण कार्यक्रम सञ्चालन गर्न रु दुई करोड २५ लाख विनियोजन गरेको छ । गाउँपालिकाको कृषि शाखाका अनुसार यो कार्यक्रमले उत्पादनमा विविधता ल्याउने, बेमौसमी सब्जी खेतीलाई निरन्तरता दिने र युवालाई कृषिमा पुनःआकर्षित गर्ने अपेक्षा गरिएको छ। "हामीले यस कार्यक्रममार्फत कृषकलाई प्रविधिको पहुँचमा ल्याउँदै दिगो आम्दानीको बाटो खोल्ने प्रयास गरेका हौँ", गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत थमनबहादुर रेश्मीले भन्नुभयो । उहाँका अनुसार टनेल खेतीले परम्परागत प्रणालीभन्दा कम लागतमा बढी उत्पादन लिन सकिने भएकाले यसले कृषि क्षेत्रलाई नयाँ आयाम दिनेछ।

विहादीका अधिकांश किसानले विगत केही वर्षयता सानासाना टनेल प्रयोग गरेर प्रशस्त उत्पादन गरेका छन् । प्रविधिको पहुँच, पुँजी र संरचनाको अभावले हाइटेक टनेल खेती विस्तार गर्न नसकिएको स्थानीय किसानको भनाइ छ । गाउँपालिकाले यही आवश्यकता महसुस गर्दै सहकारी, समूह र फार्मलाई सहभागी गराएर सामूहिक रूपमा आधुनिक टनेल निर्माण गर्ने तयारी गरेको गाउँपालिकाका अध्यक्ष परवीन गुरुङले जानकारी दिनुभयो।

"छ वटा वडा रहेको विहादीमा मौसमी तथा बेमौसमी तरकारी उत्पादनका लागि प्रशस्त सम्भावना रहेको छ । यहाँका सयौँ कृषक व्यावसायिक कृषिमा लागेका छन् । सडकको राम्रो पहुँच विस्तार भएसँगै बजारको समस्या छैन", उहाँले भन्नुभयो ।कार्यक्रमअन्तर्गत सहभागी हुन चाहने कृषक, समूह वा सहकारीले सूचना प्रकाशित मितिदेखि १५ दिनभित्र आवश्यक कागजातसहित प्रस्ताव पेस गर्नुपर्ने अध्यक्ष गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार विशेषगरी हाइटेक टनेल खेतीमा सक्रिय कृषक समूहलाई प्राथमिकता दिइने छ।

यो कार्यक्रम सफल भएमा विहादी गाउँपालिकालाई ' हाइटेक कृषि क्षेत्र' का रूपमा चिनाउने पालिकाको कार्यक्रम रहेको अध्यक्ष गुरुङले बताउनुभयो। स्थानीय उत्पादनले बजारमा प्रतिस्पर्धा गर्नसक्ने अवस्था सिर्जना गर्ने र गाउँमै रोजगारीका अवसर बढाउने अपेक्षा गरिएको उहाँको भनाइ छ । कृषि क्षेत्रलाई जोड दिँदै आएको विहादीले यसअघि पनि टनेल विस्तार अभियान थालेको थियो । टनेलसँगै मल्चिङ प्लाष्टिक, सिकेचर, स्प्रे तथा बीउबिजनमा अनुदान दिँदै आएको जनाएको छ।रासस

# सगरमाथा आरोहण गर्ने सुरक्षित बाटो खुल्ने

सोलुखुम्बु। विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहणका लागि सुरक्षित बाटो आगामी चैतभित्रमा सञ्चालन हुने भएको छ। न्यूजील्याण्डका सर एडमण्ड हिलारी र नेपालका तेञ्जिङ नोर्गे शेर्पाले पहिलो पटक सन् १९५३ मा प्रयोग गरेको नुप्से हिमालतर्फबाट सगरमाथा आरोहण गर्ने मार्ग करिब ८० प्रतिशत निर्माण सकिएको पर्यटन विभागले जनाएको छ।

विभागका निर्देशक हिमाल गौतमका अनुसार यो मार्ग खुम्बु आइसफलतर्फको भन्दा सुरक्षित रहेकाले आगामी वसन्तयाम (स्प्रिङ) मौसमभित्र सञ्चालन हुनेगरी तयारी भइरहेको छ । यो करिब २०० मिटरजति लामो हुने भएकाले छोटो बाटोका लागि सिधै खुम्बु आइसफल हुँदै सगरमाथा आरोहण गर्ने मार्ग खोलिएको उहाँले बताउनुभयो।

खुम्बु आइसफलको बाटो पहिलोपटक सन् १९८४ मा सञ्चालनमा ल्याइएको विश्व पर्वतारोहण महासङ्घका विज्ञ एवं पर्यटनविद् आङ्छिरिङ शेर्पा बताउनुभयो। उहाँका अनुसार खुम्बु आइसफलको बाटो खुलेपछि परम्परागत मार्गको नामले परिचित नुप्सेतर्फको उक्त बाटो उपयोगविहीन भएको हो। यो बाटो खुम्बु आइसफलतर्फको भन्दा धेरैगुणा सुरक्षित र भरपर्दो रहेको उहाँको भनाइ छ।सोही मार्गको खोजी, अनुसन्धान तथा पुनःसञ्चालनका लागि विश्वविख्यात आरोही तथा अनुसन्धानकर्ता स्पीडकाजी शेर्पा, फ्रान्सका आरोही मार्क वटाई र फ्रान्सकै अर्का विश्वविख्यात आरोही एन्ट्वान एरोलाई जिम्मा दिइएको पर्यटन विभागका निर्देशक हिमाल गौतमले जानकारी दिनुभयो । उहाँका अनुसार नुप्से हिमालको फेदीमा सगरमाथा आधार शिविर हुनेगरी उक्त मार्ग निर्माणको करिब ८० प्रतिशत सम्पन्न भइसकेको छ।

बाँकी २० प्रतिशत कार्य पूरा गरी आगामी वसन्तयाम (फागुन-चैत) भित्रमा सञ्चालन गर्नेगरी तयारी भइरहेको विभागका निर्देशक गौतमले बताउनुभयो । "विश्वविख्यात आरोही नेपालका स्पीडकाजी शेर्पा र सगरमाथा आरोही फ्रान्सका मार्क वटाईको टोली सक्रिय भएका छन्, मन्त्रिपरिषद्को निर्णयअनुसार विभागले अनुमति दिइसकेको छ", उहाँले भन्नुभयो, "यद्यपि त्यसका लागि सरकारको आर्थिक लगानी भने गरेको छैन ।"फ्रान्सस्थित विभिन्न पर्वातारोहण सङ्घसंस्थाको आर्थिक सहयोगमा पर्यटन मन्त्रालयले उक्त ऐतिहासिक बाटोलाई वैकल्पिक रूपमा खुलाउन लागेको गौतमले जानकारी दिनुभयो।

"सगरमाथा आरोहणका लागि अहिले सञ्चालनमा रहेको खुम्बु आइसफल हुँदै क्याम्प एकसम्मको बाटो असाध्यै जोखिमयुक्त मानिन्छ । बर्सेनि आधा दर्जनभन्दा बढी आरोहीले अरोहणका क्रममा सगरमाथा क्षेत्रमा ज्यान गुमाउने गरेका छन् । तीमध्ये एक चौथायी घटना खुम्बु आइसफलमा हुने गरेको छ", विभागका निर्देशक गौतमले भन्नुभयो।सगरमाथा आरोहण गर्दा पहिलो जोखिम भनेको खुम्बु आइसफलमा हो । यहाँ हिउँ पग्लने, फाट्ने भइरहने हुनाले धेरै खतरा मोलेर जानुपर्ने सगरमाथा आरोही विजय घिमिरेले बताउनुभयो । नयाँ मार्ग नुप्सेको फेदीबाट खुम्बु आइसफल छलेर जाने भएकाले अन्यन्त उपयोगी र कम जोखिमयुक्त हुनसक्ने उहाँको भनाइ छ।

सोही बाटो हुँदै ७२ वर्षअघि तेञ्जिङ नोर्गे शेर्पा र एडमण्ड हिलारीले पहिलो पटक सगरमाथा शिखरमा पाइला टेकेका थिए । यही पुरानो मार्गलाई पुनःजीवन दिनेगरी करिब १० जना विश्वविख्यात आरोहीसहितको समूहले करिब तीन वर्षअघिदेखि सक्रिय नयाँ पदमार्ग खोजी गरेको खोज तथा अनुसन्धानकर्ता स्पीडकाजी शेर्पाले बताउनुभयो।

उहाँका अनुसार आगामी वसन्तयाम (स्प्रिङसिजन) भित्र सो आरोहण मार्ग औपचारिक रूपमा खुल्ने तयारी तीव्र गतिमा अघि बढेको छ । काजीले भन्नुभयो, "यो केबल हिमाल आरोहणको बाटो होइन । यो नेपालको इतिहास, गौरव र पहिचानको पुनर्जन्म हो, जसमा यसपटक स्थानीय समुदाय, नेपाली आरोही, अन्तरराष्ट्रिय दाताहरू र नेपाल सरकार सबैको सहकार्य जोडिएको छ। अहिलेसम्म पूरै मार्गको ८० प्रतिशत काम पूरा भइसकेको छ। बाँकी काम आगामी मार्च-अप्रिल अर्थात् वसन्तयामभित्र सक्ने लक्ष्य राखिएको छ।"

### सरकारद्वारा अनुमति प्राप्त

सगरमाथाका लागि ऐतिहासिक उक्त मार्ग खुलाउन सरकारले काजी शेर्पा र फ्रान्सका मार्क वटाईको नेतृत्वमा अनुमति प्रदान गरेको छ। सङ्घीय सरकारको २०८१ पुस २१ गतेको मन्त्रिपरिषद् बैठकको निर्णयअनुसार शेर्पा र वटाईको टोलीलाई लिखित रूपमा अनुमति दिइएको विभागका निर्देशक गौतमले जानकरी दिनुभयो।

विभिन्न फ्रान्सेली संस्था तथा दाताहरूको आर्थिक सहयोगमा काम अघि बढे पनि अन्य सहयोग र समन्वयमा सङ्घीय सरकारअन्तर्गत पर्यटन विभागको साथ रहेको उक्त समूहको नेतृत्व लिनुभएका शेर्पाले बताउनुभयो।

विभागले आरोही शेर्पाको नेतृत्वमा रहेको समूहलाई छ हजार १०० मिटर उचाइसम्म मार्ग विस्तार र निश्चित मार्ग निर्माणको लिखित अनुमति दिएको छ। "सगरमाथा क्याम्प एकसम्म मात्रै अनुमति दिइएको छ। क्याम्प एकभन्दा माथि जाने बाटो भने एउटै छ", पर्यटन विभागका निर्देशक गौतमले भन्नुभयो । यो मार्ग सञ्चालनमा ल्याउनसके आरोहण यामका बेला हालको आधार शिविरमा भइरहेको



मानवीय चाप, कोलाहल तथा प्रदूषणलाई कम गर्न सकिने विभागको विश्वास छ।

यो परियोजना नेपालको पर्वतारोहण इतिहाससँग सम्बन्धित भएकाले मन्त्रालयको सहमति र पर्यावरणीय स्वीकृतिसहित अघि बढाइएको गौतमले बताउनुभयो। उहाँले भन्नुभयो, "हामीले यसलाई सुरक्षित र स्थायी बनाउन सबै प्राविधिक मापदण्डमा ध्यान दिएका छौँ।"

### स्थानीय र अन्तरराष्ट्रिय सहकार्यको नमुना

यो अभियानको विशेषता केबल सरकारी परियोजना मात्र नभएर मुलुकको इतिहाससँग जोडएको विज्ञको भनाइ छ। यस अभियानमा हिमालयन एक्सपेडिसन लुम्बिनी विकास कोषका गुडविल एम्बासडर तथा ग्रिसका कन्सुलर विक्रम पाँडेकाजीले पनि आर्थिक सहयोग गर्नुभएको छ। साथै पर्यटन विभागका तत्कालीन महानिर्देशक डा नारायणप्रसाद रेग्मीले प्राविधिक र नीतिगत समन्वयमा सक्रिय रूपमा साथ दिनुभएको शेर्पाले उल्लेख गर्नुभयो।

फ्रान्सका एन्तोनियो इरोडले पनि उक्त टोलीसँग जोडिएर काम गरिरहनुभएको छ । "यो केबल मार्ग निर्माण होइन, यो विश्वका आरोहीहरूसँग नेपालको पुरानो सम्बन्ध पुनःस्थापना हो", इरोडले भन्नुभयो। उहाँका अनुसार अहिलेसम्म करिब २२० वटा निश्चित खुट्किला तयार भइसकेका छन् । "यसले आरोहणमा प्रयोग हुने सुरक्षा डोरी र सिँढीहरूको आधार तयार गर्छ। कूल करिब २७० वटा खुट्किला बनाउनुपर्नेमा बाँकी ५० वटाको काम आगामी फागुन, चैतभित्र सम्पन्न हुने योजना छ", उहाँले भन्नुभयो।

### चार लाख अमेरिकी डलरको अनुमानित लागत

यो मार्ग पूर्ण रूपमा तयार गर्नका लागि करिब चार लाख अमेरिकी डलर खर्च हुने अनुमान गरिएको छ। अहिलेसम्म तीन लाख डलर खर्च भइसकेको आरोही काजी शेर्पाले बताउनुभयो। बाँकी एक लाख डलर दाताहरूले अझै सङ्कलन गरिरहनुभएको उहाँको भनाइ छ।शेर्पाले भन्नुभयो, "मुख्य सहयोग फ्रान्सका पर्वतारोहण प्रेमी र निजी दाताबाट आएको छ। यो रकम निश्चित मार्गसहित खुट्किला निर्माण, सुरक्षा व्यवस्थापन, प्राविधिक उपकरण र मार्ग सफाइका लागि प्रयोग भइरहेको छ।"

### नयाँ बाटोः कम जोखिम, बढी सुरक्षा

नयाँबाटो पुरानो खुम्बु आइसफल मार्गको विकल्पका रूपमा तयार हुँदैछ। खुम्बु आइसफल सगरमाथाको सबैभन्दा जोखिमपूर्ण भाग मानिन्छ। जहाँ वार्षिक रूपमा हिउँपहिरो र हिउँका ब्लक खस्ने घटनाले आरोहीको ज्यान लिने गर्छ । आरोहीको ज्यान लिने अधिकांश घटना खतरायुक्त खुम्बु आइसफल क्षेत्रमा हुने गरेको पर्यटन विभागका निर्देशक गौतमले बताउनुभयो। उहाँका अनुसार सगरमाथा आरोहणका लागि बर्सेनि करिब ५०० जना विदेशी तथा ३०० जति नेपाली सहयोगी गरी ८०० जनाभन्दा बढीले अनुमति लिने गर्दछन्। खुम्बु आइसफल जोखिमयुक्त भएकाले कतिपय आरोहीले आरोहण नगरी फर्कने गरेका गौतमको भनाइ छ।

अब खुल्ने भनिएको वैकल्पिक बाटो दूरीको हिसाबले करिब २०० मिटर जति लामो रहेको जनाउँदै जोखिम निकै कम हुने आरोहण क्षेत्रका जानकारहरू बताउँछन् । पर्यटन विज्ञ आङ्छिरिङ शेर्पाले भन्नुभयो, "यो बाटोले खुम्बु आइसफलको खतरा घटाउँछ र सगरमाथा आरोहण अझ सुरक्षित र विश्वसनीय बन्नेछ ।" यो बाटो खुल्दा नेपालको पर्वतारोहण उद्योगमा क्रान्ति ल्याउने विश्वास व्यक्त गर्दै उहाँले यो बाटो खुल्ने हो भने नेपालमा सगरमाथा आरोहणका लागि आउने आरोहीहरूको सङ्ख्या उल्लेख्य रूपमा वृद्धि हुने बताउनुभयो।

### अन्तरराष्ट्रिय ध्यान पुनःसगरमाथातर्फ

यो परियोजनाले अन्तरराष्ट्रिय पर्वतारोहण जगत्को ध्यान फेरि नेपालतिर तानेको छ। विश्वका प्रमुख पर्वतारोहण संस्था र डोनरहरूले यसलाई 'हिस्टोरिक रुट रिभाइभल' का रूपमा नियालेका छन् । मार्ग निर्माणका क्रममा उनीहरुले पर्यावरणीय सन्तुलनमा विशेष ध्यान दिएका छन्।

### पर्यटनमा हुने सम्भावित प्रभाव

यो मार्ग खुल्नेपछि सगरमाथा आरोहणका लागि आउने पर्यटकको सङ्ख्या उल्लेखनीय रूपमा बढ्ने अनुमान गरिएको छ। नेपाल पर्वतारोहण सङ्घका अनुसार हरेक वर्ष करिब ८०० भन्दाबढी आरोही सगरमाथाको अनुमति लिन्छन्। तर खुम्बु आइसफलको जोखिमका कारण धेरै आरोही नेपाल बाहिरका अन्य हिमाल रोज्ने गरेका छन्। नयाँ मार्गले त्यो धारणा तोड्ने अपेक्षा गरिएको छ । सगरमाथा क्षेत्रका पर्यटन व्यवसायी दावा शेर्पाले भन्नुभयो, "यो बाटो खुल्दा नेपालका गाइड, पोर्टर र स्थानीय व्यवसायी सबैको रोजगारी बढ्नेछ । सगरमाथा पुनःविश्व पर्वतारोहणको केन्द्र बन्नेछ।"

### इतिहास, संस्कृति र आत्मसम्मानको पुनर्जन्म

तेञ्जिङ नोर्गे र एडमण्ड हिलारीले सन् १९५३ मा सगरमाथा आरोहण गर्दा नेपाली जनताको आत्मसम्मान विश्वमाझ पुगेको थियो । सगरमाथा आरोही तेम्बा छिरी शेर्पाले भन्नुभयो, "हिँडेको बाटो पुनःखुल्दैछ, त्यसले त्यो गौरवलाई पुनर्जीवित गरेको अनुभूति सबैमा छ।"यो मार्ग नेपालका युवाका लागि प्रेरणाको बाटो हो, सगरमाथा राष्ट्रिय निकुञ्जका पूर्वप्रमुख संरक्षण अधिकृत भूमिराज उपाध्यायले भन्नुभयो, "यो केबल चढाइ होइन, इतिहाससँगको पुनःसम्बन्ध हो।"रासस

# मानव स्वास्थ्य र वातावरणीय असर भएपछि इँटा उद्योग बन्दको माग

डुम्रे । तनहुँको व्यास नगरपालिका-१ स्थित भद्रु सामुदायिक वन उपभोक्ता समूहका उपभोक्ताले मानवीय स्वास्थ्य तथा वातावरणमा असर देखिन थालेपछि चिम्नी इँटा उद्योग बन्द गर्न स्थानीयको माग छ। स्थानीय सञ्चालित इँटा उद्योगबाट निस्कने धुँवाका कारण मानव स्वास्थ्य, वायु र वातावरणमा असर परेकाले उद्योग बन्द गर्न स्थानीयले माग गरेका छन्।

सामुदायिक वनका उपभोक्ताले इँटा उद्योगबाट निस्किएको धुँवाले स्थानीयवासीको स्वास्थ्यमा प्रतिकूल प्रभाव पारेकाले बन्द गर्न माग गर्दै घरेलु तथा पर्यटन कार्यालयमा निवेदन पेस गरेका भद्रु सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष चिनबहादुर भण्डारीले जानकारी दिनुभयो । उद्योगले कोइलामात्र प्रयोग गरेर इँटा उत्पादन गर्न पाउने प्रावधान भएकामा सञ्चालकले दाउरा प्रयोग गरी निस्केको धुँवाले स्थानीय उपभोक्ताको स्वास्थ्यमा असर पुगेको उहाँले बताउनुभयो।

"इँटा उद्योग सञ्चालन गर्न सरकारबाट निर्धारण गरिएको प्रावधानका विरुद्ध बढी धुँवा निस्कने गरी चलाइरहेकाले उपभोक्ताको बहुमतको निर्णयबाट बन्द गर्न मागसहित सम्बन्धित निकायमा पुगेका हौँ", उहाँले भन्नुभयो, "इँटा उद्योग वरपर बसोबास गर्ने स्थानीयवासीको स्वास्थ्यमा बढी प्रभाव परेको छ। सञ्चालकलाई निर्धारण गरिएको प्रावधानविपरीत नजान आग्रह गर्दा पनि नमानेपछि यससँग सम्बन्धित निकायसमक्ष उद्योग बन्दको मागसहित अगाडि बढेका हौँ।" यस क्षेत्रका स्थानीयमा आँखा पोल्ने, नाक पोल्ने, श्वास फेर्न मुस्किल हुने, घाँटी दुख्ने, बोटबिरुवा तथा वातावरण प्रदूषित बनेको अध्यक्ष भण्डारीले जानकारी दिनुभयो।



सामुदायिक वनमा आबद्ध एक सय ८० उपभोक्तामध्ये एक सय ४० उपभोक्ताले मानव स्वास्थ्य, वनजङ्गल तथा वायु प्रदूषणमा प्रभाव पारेकाले उद्योग बन्द गरी स्वच्छ वातावरण बनाउन माग गरेका छन्। औद्योगिकीकरणभन्दा बढी मानव स्वास्थ्य तथा वायु प्रदूषण जोखिमयुक्त भएकाले तत्काल सञ्चालनमा रोक लगाउन आवश्यक रहेको सामुदायिक वन उपभोक्ता समूहका कोषाध्यक्ष कुलबहादुर दरैले बताउनुभयो । "विगतमा हामी मानव स्वास्थ्य, वायु तथा वातावरण प्रदूषणका विषयमा अनभिज्ञ थियौँ। अहिले बुझ्दै गएका छौँ। मानव स्वास्थ्यका लागि स्वच्छ वायु तथा वातावरण बनाउनुपर्छ । त्यसैले मावन स्वास्थ्यलाई प्रत्यक्ष प्रभाव पार्ने उद्योग बन्द हुनुपर्छ।"

उद्योग तथा पर्यटन मन्त्रालय गण्डकी प्रदेशका उपसचिव महाराज ढकालले उद्योगको अनुगमन गर्दै सामुदायिक वन उपभोक्ता तथा वातावरणमा असर गरेका विषयमा अझ बढी अध्ययन गर्नुपर्ने र हालका लागि उद्योग सञ्चालन स्थगन गर्नुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "मानव स्वास्थ्यमा नै प्रत्यक्ष रूपमा प्रभाव पारेको गुनासो आइसकेको छ । उपभोक्ताको स्वास्थ्य तथा वातावरणको प्रभावले दीर्घकालसम्म अझ बढी प्रभाव पार्नुबाट जोगाउन उचित रहेको छ।"

गहन रूपमा अध्ययनका लागि हाललाई उद्योग सञ्चालनमा रोक लगाउन उचित रहेको बताउनुभयो। सामुदायिक वन उपभोक्ताले उद्योगको कमीकमजोरीसहित निवेदन पेस गरिसकेकाले मानव स्वास्थ्य तथा वातावरणलाई सन्तुलित र स्वच्छ बनाउनेतर्फ प्राथमिकतामा हुनुपर्नेमा जोड दिनुभयो। रासस


## मालपोत कार्यालय, ढल्केवर, धनुषा

### हकदावी सम्बन्धी ३५ दिने सार्वजिक सूचना

रण बहादुर घिसिङ्ग को नाती धन बहादुर घिसिङ्ग को छोरा सर्लाही जिल्ला हरिवन नगरपालिका बडा नं. ६ बस्ने वर्ष ४८ र ४७ का सुगर बहादुर घिसिङ्ग र छेसङ्ग बहादुर घिसिङ्गले तपसिलमा उल्लेखित जग्गा मेरो नाताको बाजे रन बहादुर घिसिङ्गक नाममा छुट जग्गा दर्ता / छुट जग्गा नामसारी दर्ता गरी पाँउ भनी द.नं. ३०१५ मिति २०८१।१।२६ को निवेदनबाट माग दावी गरेकोले माग बमोजिम निवेदकका नाममा छुट जग्गा नामसारी दर्ता / छुट जग्गा नासारी दर्ता गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदावी लाग्ने भए वा सरकारी सार्वजनिक सम्पतिको हानी नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित भएको यो सूचना प्रकासित भएको मितिले बाटोको म्यालु बाहेक ३५ दिन भित्र आफ्ना सबुत प्रमाण सहित यस कार्यालयमा लिखित उजुरी गर्न आउन होला अन्यथा कानून बमोजिमा भई जाने व्यहोरा जानकारी गराईन्छ।

| जिल्ला | गा.वि.स | वडा नं. | कि.नं. | क्षेत्रफल |
| --- | --- | --- | --- | --- |
| धनुषा | वेगाडावर | ९च | ३२ | ०-२-१६-० |

## Baudhimai Municipality
### Office of Municipal Executive
### Sarmujwa, Rautahat
### Madhesh Province

## Invitation for Bids

**Date of Publication: 2082/07/26 (12th Nov-2025)**

Office of Municipal Executive of Baudhimai Municipality invites eligible bidders for the following bid:

| Contract Number | Description and location of work | Types of Bids | Bid Document Fee | Bid Validity Period | Minimum Bid Security Amount | Bid Security Validity Period | Deadline for Submission of Bid | Opening of Bid |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| NCB/01/BMUN-082/083 | Construction of Blacktop road of Bam nahar –Kopwa-Pipariya-Ajgaibi-Sarmujwa Road | E-bid | NRs. 5,000 (Non-refundable) | 90 days after bid opening | NRs. 17,80,000.00 | 30 days beyond the validity period of bid | 12th Dec, 2025, 12:00 Hours | 12th Dec, 2025, 13:00 Hours |

Details Invitation for bids (IFB) and a complete set of Bidding Document can be downloaded from PPMO's website www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**

# अध्यक्ष राउतको अभिव्यक्तिप्रति प्रदेश अध्यक्षको आपत्ति



टुडे समाचारदाता

जनकपुरधाम । जनमत पार्टीका अध्यक्ष सीके राउतले दिएको अभिव्यक्तिप्रति उनकै पार्टीका प्रदेश अध्यक्षले आपत्ति जनाएका छन् ।

कोशी प्रदेशका अध्यक्ष बुद्धिराज न्यौपानेले विज्ञप्ति जारी गर्दै राउतले मधेश विभाजनसम्बन्धी दिएको अभिव्यक्तिप्रति गम्भीर ध्यानाकर्षण भएको भन्दै आपत्ति जनाएका छन् ।

अध्यक्षको व्यक्तिगत अभिव्यक्ति पार्टीको आधिकारिक धारणा नभएको समेत उनले बताए ।

उनले भने, 'जनमत पार्टीको मूल सिद्धान्त, नीति र उद्देश्य सङ्घीयता, समान अधिकार, समावेशिता र न्यायपूर्ण प्रतिनिधित्वमा आधारित छ । मधेश तथा सम्पूर्ण नेपाली जनताको अधिकार सुरक्षाका लागि हाम्रो सङ्घर्ष एकीकृत राष्ट्रिय भावनामा केन्द्रित रहेको छ । देश विभाजन वा क्षेत्रीय विखण्डन हाम्रो पार्टीको एजेन्डा कहिल्यै थिएन र छैन पनि । अध्यक्षज्यूको व्यक्तिगत अभिव्यक्ति पार्टीको आधिकारिक धारणा होइन भन्ने कुरामा म स्पष्ट छु ।'

जनमत पार्टी सदैव कार्यकर्ता, समर्थक तथा जनतासँग एकता, सहकार्य र साझा राष्ट्रिय हितका लागि अडिग रहने बताए । अध्यक्ष राउतले देश नै विखण्डन गर्ने खालको माग राखेर संविधानलाई नै चुनौती दिएको समेत प्रदेश अध्यक्ष न्यौपानेले बताए ।

जेनजी आन्दोलनका क्रममा सुशासन र भ्रष्टाचारविरुद्ध आन्दोलनमा सहादत भएका सहिदहरूको रगत सेलाउन नपाउँदै संसद् पुनःस्थापना हुनुपर्छ भन्ने राउतको अभिव्यक्ति भ्रष्टाचार र कुसाशन विरुद्ध उठेको जनआन्दोलनको मर्म विपरीत रहेको समेत उनले बताए ।

उनले पछिल्लो समय सोही आन्दोलनबाट अपदस्थ व्यक्तिहरूसँग राउतले गरेका भेटघाटहरू आन्दोलनको भावना प्रतिकूल र शंकास्पद देखिएको बताए ।

# प्रहरी निरीक्षकद्वारा अदालतको अवहेलना

**राउतले मंगलबार पत्रकार सम्मेलन गरी अदालतले दुई वर्ष कैद सजाय फैसला गरिसकेका आरोपित दिलीप कुमार राउतकी ३५ वर्षिय पत्नी संजन देवी राउतलाई पक्राउ नगरी अदालतको फैसला कार्यान्वयन नगरी अवहेलना गरेको बताए ।**

टुडे समाचारदाता

जनकपुरधाम । धनुषाको इलाका प्रहरी कार्यालय महेन्द्रनगरका प्रहरी निरीक्षक राजाराम यादवले अदालतको अवहेलना गरेको छ ।



जिल्लाको लक्ष्मिनिया गाउँपालिका वडा नम्बर ७ का विजय कुमार राउतले आफूसँग स्थानीय संजन देवीले लिएको ऋण रकम भुक्तानीको मुद्दामा धनुषा जिल्ला अदालतले आरोपितलाई दुई वर्ष कैद सजाय गरेको फैसलामा प्रहरी निरीक्षक यादवले उनलाई पक्राउ नगरी अदालतको फैसलालाई कार्यान्वयन नगरेको आरोप लगाए ।

राउतले मंगलबार पत्रकार सम्मेलन गरी अदालतले दुई वर्ष कैद सजाय फैसला गरिसकेका आरोपित दिलीप कुमार राउतकी ३५ वर्षिय पत्नी संजन देवी राउतलाई पक्राउ नगरी अदालतको फैसला कार्यान्वयन नगरी अवहेलना गरेको बताए ।

उनले भने, 'अदालतको आदेश कार्यान्वयन गर्न जिल्ला प्रहरी प्रहरी कार्यालयले तीन/तीन पटक र प्रदेश सरकारका गृह, सञ्चार तथा कानून मन्त्रालय समेतले आदेशको आदेश कार्यान्वयन पत्राचार गरेपनि त्यसलाई प्रहरी निरीक्षकले बेवास्ता गर्दै आएको छ ।'

निकै दबाबपछि प्रहरी निरीक्षकले संजनदेवीलाई आरोपितलाई सोमबार केही बेर पक्राउ गरी राखेर पुनः के कति आधारमा बेलुकातिर छाडि दियो । यो घटनाले आपसी लेनदेनको आधारमा छाडिएको हुन सक्ने पीडित विजय राउतले आशंका गरेका छन् ।

घटना क्रम अनुसार २०७५ जेठ ९ गतेमा सोही वर्षको कार्तिक मसान्तभित्र रकम भुक्तान गरिदिने शर्तमा विजयकुमार राउतको पत्नी अनिता देवी राउतसँग ५ लाख १० हजार रुपैया ऋण लिएकी थिइन् । पटक पटकको ताकेतापछि सो रकम भुक्तान नगरेपछि पीडितले जिल्ला अदालतमा रिट दायर गरेका थिए ।

सो रिटमा सुनुवाई गर्दै जिल्ला अदालतले २०८२ भदौ १३ गतेका दिन बिगोसहित दुई वर्ष कैद सजाय गर्दै पक्राउ गरी जलेश्वर कारागारमा बुझाउन आदेश दिएका थिए । सो आदेश पश्चात जिल्ला प्रहरी कार्यालयले इलाका प्रहरी कार्यालयलाई पक्राउ गरी अदालतमा बुझाउन तीन/तीन पटक निर्देशन दिएपनि प्रहरी निरीक्षकले बेवास्ता गर्दै पीडित राउतले जिप्रकाको पत्र देखाउँदै उनले भने ।

आरोपितले रकम नतिर्ने मनसायमा ऋणदाता अनिता देवीको पति विजय राउतविरुद्ध अनुचित लेनदेन (मिटरब्याज) शाखामा निवेदन समेत दिएका थिए । तर अदालतले सो मुद्दामा ऋणीलाई कैद सजाय आदेश गरिसकेको जिप्रकाले जानकारी गराएपछि उनलाई सफाई दिएको थियो ।

अनिता देवीसंग ऋण लिएको तमसुकको वडा कार्यालयले २०८० कात्तिक १६ गतेमा १० प्रतिशत ब्याज दिने गरी कानुनी वैद्यानिकता समेत दिइसकेको छ । पीडित विजय राउतले पत्रकार सम्मेलनमा भने मलाई मेरो रकम भुक्तानका लागि अदालतले जे आदेश गर्छ त्यो सम्मानसहित मान्नेछु ।

आरोप बारे प्रहरी निरीक्षक यादवले आफ्नो क्षेत्राधिकार भित्र नभइ लक्ष्मिनिया प्रहरी चौकी अन्तर्गत रहेको भन्दै आफूले अदालतको आदेशको अवहेलना नगरेको दाबी गरे ।

यता जिप्रका धनुषाका प्रहरी उपरीक्षक रुगमबहादुर कुँवरले भने, 'अदालतको आदेश आए पनि आरोपितले ४/५ दिनमा रकम फिर्ता गर्ने गरेको आग्रहमा व्यवहारिक रुपले छाडेका छौं ।'

# नवनियुक्त प्रदेश प्रमुख डा. लाभले लिए शपथ



टुडे समाचारदाता

काठमाण्डु । मधेश प्रदेशका प्रमुख प्रा.डा. सुरेन्द्र लाभले पद तथा गोपनीयताको शपथ लिएका छन् । राष्ट्रपति कार्यालय शीतल निवासमा मंगलबार उनले राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष पद तथा गोपनीयताको शपथ लिएका छन् ।

राष्ट्रपति कार्यालयको शपथ समारोहमा उपराष्ट्रपति रामसहाय प्रसाद यादव, प्रधानमन्त्री सुशीला कार्की, सभामुख देवराज घिमिरेलसँगै संवैधानिक अङ्गका प्रमुख, उच्च पदस्थ कर्मचारी र कूटनीतिक नियोगका प्रमुखको उपस्थिति थियो ।

सरकारले मधेश प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीलाई पदमुक्त गर्दै लाभलाई नियुक्तिका लागि सोमबार राष्ट्रपतिसमक्ष सिफारिस गरेको थियो ।

सरकारको सिफारिस अनुसार राष्ट्रपति पौडेलले भण्डारीलाई पदमुक्त गर्दै कर्णलाई मधेश प्रदेशको प्रमुख पदमा नियुक्त गरे । नियुक्ति लगत्तै उनले पद तथा गोपनीयताको शपथ लिएका छन् ।

# मुख्यमन्त्री यादवलाई बर्खास्त गर्न माग गर्दै प्रदर्शन

टुडे समाचारदाता

लहान । नवनियुक्त मुख्यमन्त्री सरोजकुमार यादवलाई बर्खास्त गर्न माग गर्दै सिरहाको मिर्चैयामा प्रदर्शन भएको छ । जनमत पार्टीबाट प्रदेशसभा सदस्य भाग्यश्री चौधरीको नेतृत्वमा मिर्चैयामा प्रदर्शन भएको छ ।

मुख्यमन्त्री यादवलाई संविधान र संघीयताको अपमान गरी गैरकानुनी ढंगले नियुक्त गरिएको भन्दै उनलाई सरकारले बर्खास्त गर्नुपर्ने प्रदेशसभा सदस्य चौधरीले माग गरिन् । उनले भनिन्, 'प्रदेश प्रमुखले गरेको यो हर्कत संविधान र संघीयताको अपमान हो,' उनले भनिन्, 'त्यसैले उनलाई तत्काल बर्खास्त गर्नुपर्छ ।'

उनले मुख्यमन्त्री यादवलाई बर्खास्त नगरिए आफ्नो पार्टी कडा आन्दोलनमा जाने चेतावनीसमेत दिइन् ।

# खुल्यो कटहरिया नगरपालिकाको ताला

सञ्जय मिश्रा

रौतहट । रौतहटको कटहरिया नगरपालिकाको कटहरिया नगरपालिकाको ताला खुलेको छ ।



कटहरिया नगरपालिकामा कार्यरत करार र दैनिक ज्यालादारीका कर्मचारीहरूले तलब भुक्तानीको माग गर्दै गरेको तालाबन्दी खोलिएको छ ।

लगातार १५ दिनसम्म नगरपालिकाको सम्पूर्ण सेवा बन्द हुँदा पनि नेपाली कांग्रेस पार्टीबाट निर्वाचित मेयर अजय प्रकाश जैसवालले बेवास्ता गरेको कारण अन्य जनप्रतिनिधिको पहलमा ताला ताला खोलिएको छ ।

मेयर जैसवालले समस्या समाधानमा लागि कुनै वास्ता नगरेपछि ९ वटै वडाका अध्यक्षहरु र कार्यपालिका सदस्यहरूले तलब निकासा नभए पुनः तालाबन्दी गर्ने शर्तमा ताला खुलाइएको वडा ४ का अध्यक्ष चन्दन कुशवाहाले बताए ।

अध्यक्ष कुशवाहाका अनुसार मेयर जैसवालले नगरको समस्या समाधानका लागि गत शुक्रवार नगरको कार्यालयमा आउने बताएका थिए । तर निर्धारित समयमा नआएपछि हामी सबै वडा अध्यक्षहरू निराश बनेका थिए ।

गैरजिम्मेवार मेयर र जनप्रतिनिधिलाई जिम्मेवार बनाउन हामी बाध्य भयौं । सेवाग्राहीको पीडा अन्तिम अवस्थामा पुगेपछि तालाबन्दी खोलिएको उनको भनाइ छ ।

बैठकमा सहभागी कार्यपालिका सदस्य मनोज कुमार जैसवालले तत्काल मेयरले बसाउने बैठकमा राखिने कुनै पनि प्रस्तावमा हस्ताक्षर नगर्ने सम्पूर्ण वडा अध्यक्ष र नगर कार्यपालिका बीच सहमति भएको बताए ।

नगरपालिकामा नयाँ प्रमुख प्रशासकीय अधिकृत आएपछि पहिलो प्राथमिकतामा कर्मचारीहरूको तलब निकासा गर्ने सहमति भएको छ । सबै मिलेर कर्मचारीको तलब को माग पहिलो प्राथमिकतामा राखिने छ ।

तालाबन्दीका कारण दुईसाता देखि बन्द रहेको नगरपालिकाका अत्यावश्यक सेवा नागरिकता सिफारिस, सामाजिक सेवा, राजस्व संकलन लगायतका नियमित कामकाजहरु आज मंगलबारदेखि कटहरिया नगरपालिका र सबै वडामा पुनः सुचारु भएको छ ।

यस अघि गत भदौंमा आन्दोलनकारीहरुले पहिलो पटक तलबको माग गर्दै तालाबन्दी गर्दा दशैं तिहार अघिनै भुक्तानी गर्ने सहमतिमा खोलिएको थियो । सहमति अनुसार भुक्तानीको लागि नगरपालिकाले निवेदन आव्हान गर्दा करिब ७० जना कर्मचारीले नियुक्ती पत्र लगायत आवशयक कागजात सहित निबेदन दिएको तत्कालीन प्रमुख प्रशासकीय अधिकृत उपसचिव गणेश नेपालीले बताए ।

तर कार्यपालिका बैठकमा मेयर अजय प्रकाश जैसवालले बिना नियुक्तिपत्र बिना कुनै प्रमाण मात्र निवेदनको भरमा थप १०० जना अर्थात १७० जनाको तलब निकासा गर्न दवाब दिएपछि आफूले न मानेको उपसचिव नेपालीको भनाइ छ । कटहरिया नगरपालिका, सबै ९ वडा र सबै शाखामा गरी कार्यरत करार र दैनिक ज्यालादारीका करिब ७० जनाको ६ महिना देखी ३६ महिनासम्मको तलब बक्यौता रहेको छा आफू त्यहाँ काम गरेको मात्र दुई महिना भित्रै बिना जानकारी बिना कागजात १०० जनाको तलब कुन आधारमा निकासा गर्ने बरु कटहरियामा काम गर्दिन भनेर आगामी २८ गतेसम्म बिदामा बसेको उपसचिव नेपालीले गुनासो गरेका छन् ।

कटहरियामा मेयर जैसवालले जिम्मेवारी सम्भाले देखिनै प्रत्येकबर्ष करार, दैनिक ज्यालादारी, अस्थायी कर्मचारीको तलब र गाडीको इन्धनको नाउँमा करोडौं रुपैयाँ अनियमितता गर्दै आएको निर्वाचित जनप्रतिनिधिहरुले नै दाबी गर्दै आएका छन् ।

यता आन्दोलनरत्त कर्मचारीहरुले सात दिनभित्रमा तलब नपाएमा एक सातापछि पुनः तालाबन्दी गर्ने चेतावनीसमेत दिएका छन् ।

# अस्पतालमा तोडफोड गर्नेमाथि मुद्दा

टुडे समाचारदाता

राजविराज । सप्तरीको गजेन्द्रनारायण सिंह अस्पताल राजविराजका निमित्त मेडिकल सुपरिन्टेन्डेन्ट डा. दिलिप साहमाथि हातपात र अस्पतालमा तोडफोड गर्ने चार जनामाथि आपराधिक उपद्रव मुद्दा चलाइएको छ ।



आइतबार साँझ नवजात शिशु सघन कक्ष (एनआईसीयू) मा विद्युत् सर्ट भइ एलईडी लाइट खसेर शिशु घाइते भएका थिए ।

आक्रोशित आफन्तले निमित्त मेडिकल सुपरिन्टेन्डेन्ट डा. साहमाथि हातपात गर्दै अस्पताल परिसरमा रहेका डस्टबिनमा आगजनी र प्रयोगशाला तोडफोडसमेत गरेका थिए । आगजनी र तोडफोडले केहीबेर अस्पतालको अवस्था तनावग्रस्त बनेको थियो ।

जिल्ला प्रहरी कार्यालय सप्तरीबाट पुगेको प्रहरी टोली सो कार्यमा संलग्न रहेको आरोपमा जिल्लाको राजविराज नगरपालिका-४ का २४ वर्षीय उदय ठाकुर, सोही ठाउँका २४ वर्षकै विनित चौहान, विष्णुपुर गाउँपालिका-६ का ५० वर्षीय प्रमेश्वर यादव र सोही ठाउँका २५ वर्षीय रमन यादवलाई पक्राउ गरेको थियो ।

चारै जनामाथि आपराधिक उपद्रव मुद्दामा सप्तरी जिल्ला अदालतबाट ६ दिन म्याद लिई थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी डम्बरबहादुर पुरीले बताए ।

निमित्त मेडिकल सुपरिन्टेन्डेन्ट डा. साहमाथि हातपात, आगजनी र तोडफोडपछि अस्पतालका चिकित्सक र स्वास्थ्यकर्मीहरु आन्दोलित भएका थिए ।

आइतबार साँझ केहीबेर आकस्मिक सेवा पनि ठप्प पारेका चिकित्सकले सोमबार बहिरंग सेवा (ओपीडी) समेत रोकेका थिए । सहमतिपछि मंगलबारबाट बहिरंग सेवा सञ्चालन गरिएको छ ।

# बेमौसमी वर्षाले १० हजार हेक्टर धानबालीमा क्षति

टुडे समाचारदाता

लहान । बेमौसमी वर्षाका कारण सिरहामा करिब १० हजार हेक्टरभन्दा बढी धानबालीमा क्षति पुगेको छ ।

जिल्लाका आठ नगरपालिका र नौ गाउँपालिका गरी १७ स्थानीय तहका कृषि शाखाले संकलन गरेको प्रारम्भिक विवरण अनुसार करिब १० हजार ७२८ हेक्टर क्षेत्रमा रहेका धानबालीमा क्षति पुगेको कृषि ज्ञान केन्द्रले जनाएको छ ।

कृषि शाखाबाट प्राप्त विवरण अनुसार लहान नगरपालिकामा सबैभन्दा बढी दुई हजार २३२ हेक्टर, औरही नगरपालिकामा एक हजार ३५८ हेक्टर र नरहा गाउँपालिकामा करिब आठ सय हेक्टर क्षेत्रमा धानबालीमा क्षति पुगेको छ ।

लहान नगरपालिका कृषि शाखा प्रमुख प्रकाश साहले जनाए अनुसार किसानले लगाएका बासमती र सुक्खा प्रजातिका धानमध्ये करिब ५० प्रतिशत बालीमा क्षति पुगेको छ ।

उनका अनुसार किसानले राम्रो मूल्य पाउने आशामा उन्नत जातका धान लगाएका थिए । पूर्व-पश्चिम लोकमार्गबाट दक्षिणतर्फका अधिकांश क्षेत्र बोरिङ, भूमिगत सिँचाइ र कमला नहर प्रणालीबाट सिञ्चित क्षेत्र भएकाले त्यहाँ लगाइएका उन्नत जातका धानमा बढी क्षति पुगेको जिल्लास्थित कृषि ज्ञान केन्द्रले जनाएको छ ।

केन्द्रका अनुसार जिल्लामा ५४ हजार हेक्टरमा वर्षे र एक हजार ३४५ हेक्टरमा चैते धानखेती हुँदै आएको छ ।

अघिल्लो वर्ष ५५ हजार ३४५ हेक्टर क्षेत्रमा दुई लाख २८ हजार ६९६ मेट्रिकटन धान उत्पादन भए पनि यस वर्ष उत्पादनमा उल्लेख्य कमी आउने अनुमान गरिएको छ ।

# मन्त्री विच्छासँग राप्रपाद्वारा स्पष्टीकरण माग

टुडे समाचारदाता

जनकपुरधाम । नेकपा एमाले नेतृत्वको मधेश प्रदेशमा गठित प्रदेश सरकारमा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) की प्रदेश सभा सदस्य कञ्चन विच्छा सहभागी भएपछि उनलाई पार्टीले स्पष्टीकरण सोधेको छ ।





मन्त्री विच्छालाई राप्रपाले २४ घण्टे स्पष्टीकरण सोधेको छ । पार्टीको नीति, सिद्धान्त र हित विपरीत हुनेगरी गैर जिम्मेवार पूर्वक एवं अनुशासनहीन कार्य गरेको भनी राप्रपा अनुशासन समितिले उनीसँग स्पष्टीकरण सोधेका छन् ।

केन्द्रीय अनुशासन समितिका सदस्य सचिव भक्ति प्रसाद सिटौलाले उनलाई २४ घण्टाभित्र स्पष्टीकरण बुझाउन भन्दै पत्र पठाएको छ । पार्टीको निर्णय विपरित सरकारमा सहभागी भएको सम्बन्धमा तपाईंलाई राप्रपाको विधान २०४८ (संशोधन सहित २०७८) दफा ३० (ड) बमोजिम किन कारबाही र सजाय गर्न नपर्ने हो ? नपर्ने भए प्रमाण सहित २४ घण्टाभित्र लिखित स्पष्टीकरण पेश गर्न केन्द्रीय अनुशासन समितिको निर्णय अनुसार अनुरोध गर्दछु,' सिटौलाले पठाएको पत्रमा उल्लेख छ ।

अध्यक्ष राजेन्द्र लिङ्देनले हिजो नै मधेश प्रदेश सरकारबाट फिर्ता हुन उनलाई निर्देशन दिएको थियो । एमालेका सरोज यादवको नेतृत्वमा रातारात गठन भएको विवादित सरकारमा विच्छालाई विना विभागीय मन्त्रीको जिम्मेवारी दिइएको छ ।

मधेश कृषि विश्वविद्यालय
राजविराज, सप्तरी

कृषि स्नातक (B.Sc. Ag. Hons) तहमा विद्यार्थी भर्ना म्याद थप सम्बन्धी सूचना



शैक्षिक सत्र २०८२/०८३ का लागि कृषि संकायमा ४ वर्षे कृषि स्नातक तह (B.Sc. Ag. Hons) मा अध्ययन गर्न आवश्यक न्यूनतम योग्यता पुगेका ईच्छुक विद्यार्थीहरुबाट Online आवेदन फाराम भर्न मिति २०८२/०७/२१ गतेसम्म रहेकोमा मिति २०८२/०८/०६ गतेसम्म http://entrance.mau.edu.np मा गई आवेदन फारम भर्न म्याद थपको सूचना प्रकाशन गरिएको छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८